# आ.व. २०८२ /८३ को

# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

# Annual  Educational Status Report


<u>तयार गर्ने</u>

**शिक्षा , युवा तथा खेलकुद शाखा**

**सियारी गाउँपालिका**

**रुपन्देही,लुम्विनी प्रदेश , नेपाल ।**

siyari.shikshya@gmail.com

# हाम्रो भनाइ

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकको शिक्षा प्राप्त गने अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। बिशेष गरि आधारभुत तहसम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क शिक्षाको रुपमा अङ्गिकार गर्दै मानव अधिकारमा आधारित सामाजिक न्याय र समाबेशी शिक्षाई अङ्गिकार गरेको छ। संघिय संरचनाले समेत सबैले शिक्षा प्राप्तिको अधिकारलाई प्राथमिकताका साथ शिरोधार्य गर्दै नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी अधिकारलाई विभिन्न पाँच बुँदामा स्पष्ट रुपमा उल्लेख गरेको छ। त्यसै गरि संविधानको अनुसुचि ८ तथा स्थानीय सरकार संचालन ऐनले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानिय सरकारलाई दिएको हुनाले स्थानिय तहको शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्नका लागि स्थानिय तहको शिक्षा युवा तथा खेलकुद शाखा मार्फत संघिय, प्रदेश तथा स्थानिय तह एवं विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने शैक्षिक योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयन हुने गरेको छ।

समाज परिवर्तनको वाहक शक्ति शिक्षालाई समयसापेक्ष, वैज्ञानिक ,व्यवसायिक, सिप र रोजगारमुलक बनाउदै समाजबाद उन्मुख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार पार्दै सिकाइलाई गुणस्तरिय र डिजिटलाइजेसन तर्फ हाम्रा प्रयासहरु केन्द्रित हुदै गएका छन। जम्मा २५ सामुदायिक, ३ धार्मिक , १३ संस्थागत,सामुदायिक कलेज १, सामुदायमा आधारीत वालविकास केन्द्र १० र सामुदायिक सिकाइ केन्द्र ४ गरी गरि जम्मा ५७ शैक्षिक संस्थाहरु रहेको यस गाउँपालिकामा झण्डै वाह्र हजार वालवालिकाहरु अध्ययनरत रहेका छन्। सियारी गाउँपालिकालाई उत्कृष्ट शैक्षिक हव बनाउने चाहनालाई मुर्तरुप दिन गाउँ सभाले पारित गरेका शैक्षिक नीतिका आधारमा शिक्षा क्षेत्रका सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा पहिलो दश वर्षे शैक्षिक योजनालाई मूल्यांकन गरि आ.व.२०८२/८३मा दोस्रो दश वर्षिय शैक्षिक योजना २०८३/८४-२०९२/९३ स्वीकृत गरि कार्यान्वयनमा लैजाने तयारीमा रहेकोछ। विद्यालय वाहिर रहेका २८९ वालवालिकाहरुको पहिचान गरि ७ वटै वडाका मातृविद्यालय मार्फत हप्ताको एक पटक वैकल्पिक शिक्षाको कक्षा सञ्चालन गरिएको छ। विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त विद्यालयहरुमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु पनि अधि बढिरहेका छन्। सवै विद्यालयलाई शैक्षिक कार्यपात्रो मार्फत यस्ता कार्यक्रमहरु सुनिश्चित गरिएको छ। सियारी गाउँपालिकाले पालिका भित्रका विद्यालयहरुको उचित व्यवस्थापन संचालन तथा नियमनका लागि संबैधानिक प्रावधान, नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता, दिगो विकास लक्ष्य, स्थानिय सरकार संचालन ऐन २०७४ एवम विद्यालय शिक्षा क्षेत्र योजनाले देखाएको मार्ग दर्शक सिध्दान्तका आधारमा शैक्षिक कार्यक्रमहरु तयार गरि कार्यान्वयनमा ल्याइएको छ।

विद्यालय उमेरका वालवालिकाहरुको विद्यालयमा पहुँच, शैक्षिक गुणस्तरमा सुधार तथा सिकाइ उपलब्धी सुधारका लागि सामुदायिक सिकाइ केन्दद्रहरु, विद्यालयहरु तथा अन्य निकायहरुसंग साझेदारी गरि विभिन्न शैक्षिक कृयाकलापहरु संचालन गरिरहेको अवस्था छ। यसै सन्दर्भमा सियारी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्पादित वर्षभरिका शैक्षिक गतिविधिहरुला समेटेर वार्षिक शैक्षिक स्थिति प्रतिबेदन २०८२/८३ तयार पारिएको छ। प्रतिबेदन तयारी गर्नका लागि आवश्यक तथ्याङ्क लगायतका सामग्रीहरु सहित प्रतिबेदन तयारीमा खट्नुहुने शिक्षायुवा तथा खेलकुद शाखाका कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छौं। प्रतिवेदनलाइ सकेसम्म सूचनामुलक तथा उपयोगी बनाउने प्रयासका बाबजुद कुनै विषय छुट हुनमा वा सुझावको अपेक्षा सहित आगामी प्रतिबेदनमा समाबेश हुने समेत जानकारी गराउन चाहन्छौ।

२०८३/०४/१२

शिक्षा, युवा तथा खेलकुद शाखा
सियारी गाउँपालिका ,रुपन्देही।

## कार्यकारी सारांश

सियारी गाँउपालिकाको शैक्षिक विकासका लागि विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । सञ्चालित कार्यक्रमबाट अपेक्षित लक्ष्य प्राप्त हुन सक्यो सकेन भन्ने विषय वार्षिक कार्यक्रमको कार्यान्वयनको स्थितिबाट मूल्याङ्कन गर्नु पर्ने हुन्छ । आव २०८२/८३मा समग्र शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन अवस्था लेखाजोखा गर्नु समग्र सियारी गाउँपालिकाको शैक्षिक अवस्थाको स्पष्ट चित्रण प्रस्तुत गरी सरोकारवालाहरुलाई र आगामी सूचना प्रवाह गर्नु दिनहरुमा थप पृष्ठपोषण प्राप्त गर्ने उध्देश्यले यो वार्षिक शैक्षणिक स्थिति प्रतिवेदन तयार गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा नेपाल सरकारका सशर्त तर्फका विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको क्रममा सवैका लागि शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षासँग सम्बन्धित कार्यक्रमहरु र सियारी गाउँपालिकको आन्तिक कार्यक्रमहरु मुख्य रुपमा सञ्चालनमा रहे ।

त्यस्तै गरि सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट अध्यक्ष कप रनिंगशिल्ड फूटवल प्रतियोगिता, सियारी गाउँपालिकाको दोस्रो पटक दश वर्षे शैक्षिक योजना स्वीकृत तथा १६औं राष्ट्रपति रनिंगशील्ड प्रतियोगिता, स्थानीय पाठ्यक्रमको आधारमा कक्षा ४, ६ र ७ को पाठ्यपुस्तक लेखन, विद्यालयमा स्काउट कार्यक्रम सञ्चालन आदि कार्यक्रमहरु सञ्चालनमा रहे । सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट शिक्षा,युवा तथा खेलकुदको लागि रु २ करोड ३४लाख ८४ हजार रुपैया विनियोजन भएकोमा रु २ करोड १८लाख ४१ हजार खर्च भइ ९३% वित्तिय प्रगति भएको छ भौतिक प्रगति ८७ प्रतिशत भएकोछ । नेपाल सरकारको शसर्त तर्फ रु १८७६,००००० /- अठार करोड छेहत्तर लाख रुपैया वजेट विनियोजन भै आएकोमा रु १७३९४४०००/- सत्र करोड उन्नचालिस लाख चवाली हजार रुपैया खर्च भै ९३ प्रतिशत वितिय प्रगति भयो भने भौतिक प्रगति ९७ प्रतिशत भएको अवस्था छ। नेपाल सरकार सशर्त तर्फवाट विद्यालयमा रु १६करोड ४५ लाख ८० हजार रुपैया निकासा भएको छ जुन रकम खर्च भएको रकमको करीव ९५प्रतिशत हुन आँउछ । त्यस्तै गाउँपालिकाको आन्तरिक स्रोत तर्फको १करोड ६७लाख रुपैया विद्यालयको खातामा निकासा भै कूल १८करोड १२ लाख ८० हजार रुपैया निकासा भएको छ । अत: यो प्रगति सन्तोषजनक नै रहेको छ ।

यस स्थिति प्रतिवेदनलाई पाँच परिच्छेद र पाँच वटा अनुसुचीमा समेटिएकोछ । पहिलो परिच्छेदमा स्थीति प्रतिवेदनको परिचय, दोस्रोमा परिच्छेदमा शैक्षिक अवस्था, तेस्रो परिच्छेदमा कार्यक्रम कार्यान्वयनको वित्तीय प्रगति,चौथो परिच्छेदमा उपलव्धि तथा कार्यक्रम विस्तृतिकरण, पाँचौ परिच्छेदमा असल अभ्यास ,प्रमुख उपलब्धि ,चुनौती तथा समाधानका उपायहरू समेटिएको छ । चार वटा अनुसूचीमा विद्यालयमा निकासा भएका अनुदान रकमलाई समेटिएको छ भने पाँचौँ अनुसूचीमा शिक्षा, युवा तथा खेलकूद शाखाको समीक्षात्मक प्रतिवेशन समेत समावेश गरिएको छ । मुख्य मुख्य शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नुभन्दा पहिला विभिन्न समिति तथा कार्यापालिका वैकठकको निर्णयको आधारमा कार्यान्वयन गर्ने गरिएको छ । संघिय सरकार र प्रदेश सरकारवाट भएका निर्देशनहरुलाई तत्काल शैक्षिक कार्यक्रमहरुलाई कार्यान्वयन गर्दा अझ बढी पारदर्शी बनाउन प्रधानाध्यापक मासिक वैठक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरुलाई सहभागी गराइ कार्यक्रम प्रबोधीकरण गर्ने कार्य गरिएको छ । यस स्थिति प्रतिवेदनमा उल्लेख गरिएका चुनौती तथा समस्याहरुलाई समाधान गर्न सम्बन्धित सवै तह र तप्कावाट पहलकदमी हुन सकेमा आगामी दिनमा कार्यक्रमलाई अझ सशक्त एवम् प्रभावकारी रुपबाट सञ्चालन गर्न सकिने विश्वास लिएका छौं ।

| विषयसूची | पाना न |
|---|---|
| **परिच्छेद एक : शैक्षिक स्थिति प्रतिवेदनको परिचय** | १-१ |
| 1.1 पृष्ठभूमि | १ |
| 1.2 स्थिति प्रतिवेदनको उद्देश्य | १ |
| 1.3 स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | १ |
| 1.4 स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेज आधारहरू | १ |
| **परिच्छेद दुई :शैक्षिक अवस्था** | २-८ |
| 2.1 **साक्षरताको स्थिति** | २ |
| १. शैक्षिक संस्थाहरूको संख्यात्मक विवरण | २ |
| २.कक्षागत वालवालिकाहरुको सङ्ख्यात्मक विवरण २०८२ र २०८३ | ३ |
| ३.विद्यालय वाहिर रहेका १८ वर्ष मुनिका वालवालिका विवरण | ४ |
| ४.विद्यालय शिक्षाका शैक्षिक सुचकहरु २०८२ | ६-७ |
| 2.2 शिक्षण सिकाइ अनुदानमा नियुक्त भएका शिक्षकहरुको विवरण | |
| 2.3 आधारभूत तह कक्षा ६-८मा शुन्य दरवन्दी भएक शिक्षण सिकाइ अनुदान रकम माग विवरण | ७ |
| 2.4 स्थानीय तहको सगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था | ८ |
| **परिच्छेद तीन:कार्यक्रम कार्यान्वयनको वित्तीय प्रगति** | ९-१५ |
| | ९ |
| 3.1 नेपाल सरकार शसर्त तर्फको शिक्षाका कार्यक्रमको प्रगति अवस्था | १२ |
| 3.2 सियारी गाउँपालिकाको आन्तरिक स्रोत तर्फ वजेटको शिक्षाका कार्यक्रमको प्रगति अवस्था | १४ |
| 3.3 मुख्य मुख्य समस्या तथा चुनौती | १४ |
| 3.4 कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु | १५ |
| **परिच्छेद चार : उपलव्धि तथा कार्यक्रम विस्तृतिकरण** | १६-४२ |
| 4.1 शिक्षक दरवन्दी मिलानको प्रगति विवरण | |
| 4.2 विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा लागि प्रोत्साहन अनुदान | १६-२१ |
| 4.3 शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान कार्यान्वयनको अवस्था | २१<br>२२ |
| 4.4 विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरु | २३ |
| 4.5 स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | २४ |
| 4.6 विद्यालयमा विज्ञान प्रयोगशाला, **ICT Lab** पुस्तकालय तथा इन्टरनेट सुविधा अवस्था | २५ |
| 4.7 विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति | २५ |
| 4.8 वाल विकास केन्द्रको अवस्था | २६ |

| | |
|---|---|
| 4.9 विद्यालय सुधार योजना निर्माण सामाजिक परीक्षणको अवस्था | २६ |
| 4.10 विपतका समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना **ReAL** कार्यान्वयन | २६ |
| *4.11 शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मूल्यांकन शिक्षक मेन्टरिंग तथा विद्यालय* | २६-३४ |
| क .विद्यालय भौतिक सर्वेक्षण | |
| ख .विद्यार्थी परीक्षण मूल्यांकन | |
| ग .शिक्षक मेन्टरिंग तथा विद्यालय सुपरिवेक्षण | |
| घ. एकिकृत पाठ्यक्रम सम्वन्धि कष्टमाइज्ड तालिम | |
| *4.12* शैक्षिक पहुँच सुनिश्चतता ,अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ३४-३६ |
| क. अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयन | |
| ख.सामुदायिक सिकाइ केन्द्रको कार्ययोजनामा आधारित अनुदान | |
| ग . धार्मिक विद्यालय अनुदान | |
| 4.12 विशेष शिक्षा कार्यक्रम कार्यान्वय अवस्था | ३६ |
| 4.13 दिवा खाजा कार्यक्रम कार्यान्वयन | ३६ |
| 4.14 सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट सम्पन्न भएका कार्यक्रमहरु | ३८-४२ |
| **परिच्छेद पाँच :असल अभ्यास ,प्रमुख उपलब्धि ,चुनौती तथा समाधानका उपायहरू** | ४३-४५ |
| ***5.1*** अन्य संस्थासँगको साझेदारीमा सञ्चालित कार्यक्रम | |
| ***5.2*** असल अभ्यास तथा नवपर्वतनात्मक कार्यक्रमहरु | ४३ |
| ***5.3*** समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू | ४४ |
| ***5.4*** चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू | ४५ |
| ***5.5*** शिक्षा, युवा तथा खेलकूद शाखा मार्फत वनेका ऐन, कानून र कार्यविधिहरुको नाम | ४५ |
| ***अनुसुची १देखि ४सम्म*** **२ ०८२/८३मा विद्यालयहरुमा निकासा भएको *विद्यालयगत* निकासा** | ४६-५३ |
| **अनुसूची १** : आ.व. २०८२/८३मा *विद्यालयमा नि*कासा भएको नेपाल सरकार शसर्त निकासा रकम विवरण | |
| **अनुसूची २ :** आ.व. २०८२/८३मा *विद्यालयमा नि*कासा भएको नेपाल सरकार शसर्त निकासा रकम विवरण | |
| **अनुसूची ३** : आ.व. २०८२/८३मा *विद्यालयमा नि*कासा भएको नेपाल सरकार शसर्त निकासा रकम विवरण | |
| **अनुसूची** ४ :आ.व. २०८२/८३मा *विद्यालयमा नि*कासा भएको नेपाल सरकार शसर्त निकासा रकम विवरण | |
| **अनुसूची ५ *:* तीन चौमासिक समिक्षा प्रतिवेदन** | |
| १.आ.व.२०८२/८३ को प्रथम चौमासिक समिक्षा प्रतिवेदन | |
| २.आ.व.२०८२/८३ को दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाईमा प्रस्तुत प्रतिवेदन | |
| ३.आ.व.२०८२/८३ को तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाईमा प्रस्तुत प्रतिवेदन | |

## परिच्छेद एकः शैक्षिक स्थिति प्रतिवेदनको परिचय

१.१ पृष्ठभूमी

समाज परिवर्तनको वाहक शक्ति शिक्षालाई समयसापेक्ष, वैज्ञानिक,व्यवसायिक, सिपमूलक र रोजगारमुलक बनाउदै समाजबाद उन्मुख राष्ट्र निर्माणको लागि बलियो आधारको रुपमा तयार पार्दै गुणस्तरिय शिक्षाको सुनिश्चिततामा हाम्रा प्रयासहरु केन्द्रित हुदै आएका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७८% रहेको छ। पालिकाभरिका शैक्षिक संस्थाहरूमा गरी करिब १२,००० बालबालिकाहरू अध्ययनरत छन् । यहाँ विभिन्न तहका कुल ५७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन्। लुम्विनी प्रदेश अन्तरगत रुपन्देही जिल्लाका १६ स्थानीय निकायहरु मध्ये सियारी गाउँपालिका साक्षरता वृध्दिदरको हिसावले ८औं स्थानमा र जनसंख्या वृध्दिदरको हिसावले १२ औं र न्यून जनसंख्या वृध्दिदरको हिसावले ५ औं स्थानमा रहेको पालिका हो । साविकको चिल्हिया गाउँ विकास समिति, मैनहिया गाँउ विकास समिति, हर्नैया गाँउ विकास समिति, दयानगर गाँउ विकास समिति र पश्चिभ अमवा गाँउ विकास समितिलाई समावेश गरि ७वटा वडाको सियारी गाउँपालिका निर्माण गरिएको हो । रुपन्देही जिल्लाको मध्येभागमा अवस्थित भएर वग्ने सियारी नदीको नामवाट नामाकरण गरिएको हो । पूर्वमा तिनाउ नदी र ओमसतिया गाउपालिका ,पश्चिममा दानव नदी र गैडहवा गाउँपालिका,उत्तरमा शुद्धोधन गाउँपालिका र तिलोत्तमा नगरपालिका र दक्षिणमा मायादेवी गाउँपालिकाको सिमाना रहेको छ । यो क्षेत्रमा उष्ण प्रदेशिय हावापानी पाइन्छ । शैक्षिक कार्क्रमहरुको व्यवस्थापन र शुशासन प्रवर्धन गर्ने क्रममा कार्यक्रम कार्यान्वयनको चरणमा देखिएका समस्या र चुनौतिहरु, सिकिएका पाठहरुको आधारमा सरोकारहरुलाई सूसुचित गर्ने उद्धेश्यले समग्र सियारी गाउँपालिकाको शैक्षिक अवस्थाको चित्रण गर्न र शिक्षा तथा मानवस्रोत केन्द्रवाट जारी भएको २०८२/८३को कार्यक्रम कार्यान्वयन कार्यविधिले निर्देश गरे अनुसार यो वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयार गरिएको हो ।

### १.२ स्थिति प्रतिवेदनको उद्देश्य

यो प्रतिवेदन तयार गर्नुको उध्देश्य यस प्रकार रहेको छ

- ❖ आ.व.२०८२/८३को समग्र शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन अवस्था लेखाजोखा गर्नु ।
- ❖ समग्र सियारी गाउँपालिकाको शैक्षिक अवस्थाको स्पष्ट चित्रण प्रस्तुत गर्नु ।
- ❖ प्रगतिको विस्तृतीकरण तालुक निकायमा सम्प्रेषण गर्नु ।
- ❖ आगामी दिनहरुमा शिक्षामा अझ सुधारका लागि पृष्ठपोषण प्राप्त गर्नु ।

### १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

यो प्रतिवेदन तयार गर्दा निम्न दस्तावेजहरुलाई आधारमानी निर्माण प्रकृया अगाडी वढाइएको छ ।

- ❖ आबश्यक दस्ताबेज संकलन तथा विश्लेषण ।
- ❖ शाखागत प्रगति समीक्षा र छलफल ।

### १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू

**1.4.1** गाउँ शिक्षा समितिको बैठकमा भएका निर्णयहरु ।

**1.4.2** वार्षिक कार्यकमको समीक्षात्मक प्रतिवेदनहरु ।

**1.4.3** **IEMIS** २०८१ ,२०८२ र २०८३

**1.4.4** सियारी गाउँपालिकाको दशवर्षे रणनैतिक शैक्षिक योजना २०८२ ।

**1.4.5** स्थीति प्रतिवेदन २०८१/८२ ।

## परिच्छेद दुई : शैक्षिक अवस्था

### २.१ साक्षरताको स्थिति

२०७८ को जनगणना अनुसार महिला २२०२२, पुरुष २२९६३ गरी जम्मा ४४९८५ जनसंख्या रहेको छ । यो गाउँपालिकामा परिवार संख्या ९०१९ रहेकोछ। यो गाउँपालिकामा समग्रमा साक्षरता प्रतिशत करीव ७९ प्रतिशत रहेकोछ । २०७८ को जनगणना अनुसार रुपन्देही जिल्लाको जनसंख्या १,१२१,९५७ रहेकोमा सियारी गाउँपालिकाको जनसंख्या ४४,९८५ जुन रुपन्देहीको जनसंख्याको ४ प्रतिशत हुन आउछ। रुपन्देहीको जिल्लाको क्षेत्रफल १३६० वर्ग कि.मि. भौगोलिक हिसावले ४.८ प्रतिशत रहेको छ । २०८२ सालको एस.इ.इ. परीक्षामा सियारी गाउँपालिकास्तरमा सामुदायिक विद्यालय तर्फ ४६ प्रतिशत, संस्थागत विद्यालयको ८८ र दुवैको गरि ५९ प्रतिशत नतिजा प्राप्त गरेको अस्थामा छ। सियारी गाउँपालिकाको शैक्षणिक विवरण सि.न. १देखि ४ सम्म यस प्रकार रहेको छ।

### १. शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

| क्रस | तह | सामुदायिक | सङ्स्थागत | मदरसा | जम्मा |
|---|---|---|---|---|---|
| १ | सामुदायमा रहेका वालविकास केन्द्र | १० | ० | ० | ११ |
| २ | आधारभूत कक्षा ( १–५) | ७ | | ३ | १० |
| ३ | आधारभूत कक्षा ( १–८) | ८ | ५ | | १३ |
| ४ | माध्यमिक( १–१०) | ५ | ७ | | १२ |
| ५ | माध्यमिक( १–१२) | ५ | १ | | ६ |
| ६ | सामुदायिक कलेज | १ | | | १ |
| जम्मा | | ४१ | १३ | ३ | ५७ |

**स्रोत: शैक्षिक दर्पण**

### २ कक्षागत वालवालिकाको संख्यात्मक विवरण २०८२ र २०८३

| No of students 2082 | | | | | No of students 2083 | | | |
|---|---|---|---|---|---|---|---|---|
| class | Community | Instutional | Madarsha | Total | Community | Instutional | Madarsha | Total |
| ecd | 1331 | 1032 | 115 | 2478 | 1188 | 865 | 111 | 2164 |
| 1 | 708 | 710 | 77 | 1495 | 697 | 580 | 74 | 1351 |
| 2 | 595 | 434 | 56 | 1085 | 546 | 580 | 51 | 1177 |
| 3 | 506 | 304 | 56 | 866 | 587 | 423 | 42 | 1052 |
| 4 | 652 | 330 | 29 | 1011 | 567 | 280 | 34 | 881 |
| 5 | 710 | 407 | 18 | 1135 | 715 | 326 | 16 | 1057 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Grade(1-5) | 3171 | 2185 | 236 | 5592 | 3112 | 2189 | 217 | 5518 |
| 6 | 609 | 407 | | 1016 | 580 | 333 | | 913 |
| 7 | 609 | 289 | | 898 | 635 | 304 | | 939 |
| 8 | 661 | 270 | | 931 | 662 | 242 | | 904 |
| Grade(6-8) | 1879 | 966 | | 2845 | 1877 | 879 | | 2756 |
| 9 | 660 | 196 | | 856 | 657 | 257 | | 914 |
| 10 | 602 | 184 | | 786 | 598 | 191 | | 789 |
| Grade(9-10) | 1262 | 380 | | 1642 | 1255 | 448 | | 1703 |
| 11 | 500 | 14 | | 514 | 360 | | | 360 |
| 12 | 475 | 23 | | 498 | 450 | | | 450 |
| Grade(11-12) | 975 | 37 | | | | | | 0 |
| Whole Total | 8618 | 4600 | 351 | 12557 | 7432 | 4381 | 328 | 12141 |

**स्रोत: इमिस अनलाइन २०८२ र २०८३**

## ३.विद्यालय वाहिर रहेका १८ वर्ष मुनिका वालवालिकाहरुको वडागत विवरण

| वडा न | विद्यालय वाहिर रहेको जम्मा संख्या | विद्यालय नै नगएको संख्या | विद्यालय गएर कक्षा छाडेको संख्या | | | अपांग वालवालिका |
|---|---|---|---|---|---|---|
| | | | कक्षा १-३ प्रथम तह | कक्षा ४-५ दोस्रो तह | कक्षा ६-८ तेसो तह | |
| **१** | २४ | १ | १ | ७ | १५ | १ |
| **२** | ९२ | ४ | १० | २८ | ५० | २ |
| **३** | ६९ | ३ | ४ | २४ | ३८ | १ |
| **४** | ३८ | | १ | १६ | २१ | १ |
| **५** | १२ | | | ३ | ९ | |
| **६** | १६ | ४ | | २ | १० | ४ |
| **७** | ३८ | ३ | २ | १२ | २१ | ३ |
| | **२८९** | **१५** | **१८** | **९२** | **१६४** | **१२** |

**स्रोत: घरधुरी सर्वेक्षण २०८२ सामुदायिक सिकाइ केन्द्रहरु**

## ४ विद्यालय शिक्षाका शैक्षिक सुचकहरु २०८२

| विद्यालय शिक्षाका शैक्षिक सूचकहरु | एकाइ | २०८० | २०८१ | २०८२ |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | % | 97.5 | 106.8 | 146. |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिइ कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | % | 69.3 | 77.3 | 82.1 |
| **कक्षा १ मा खुद प्रवेश दर** NER | % | 95.8 | 93.6 | 90.2 |
| **कक्षा १ मा कुल प्रवेश दर** GER | % | 123.6 | 177.6 | 177.4 |
| **आधारभुत तह कक्षा १-५को -खुद भर्ना दर** NER | % | 95.7 | 93.9 | 92.4 |
| **आधारभूत तह कक्षा १-५को कूल प्रवेश दर** GER | % | 146.3 | 148.8 | 133.8 |
| **आधारभुत तह कक्षा ५ सम्म टिकाउ दर** | % | | 89.18 | 100 |
| **आधारभुत तह कक्षा ५ पुरा गर्ने दर** | % | | | 100 |
| आधारभुत तह १-५ मा कूल भर्नादरमा लैङ्गिक समता सूचाङ्क | % | | 0.9 | 1 |
| **आधारभुत तह कक्षा १-८को खुद भर्ना दर** NER | % | 94.7 | 94 | 94.8 |
| **आधारभुत तह कक्षा १-८को कूल भर्ना दर** GER | % | 135.1 | 135.8 | 140.7 |
| **आधारभुत तह कक्षा ८ सम्मको टिकाउ दर** | % | 96.7 | 87 | 100 |
| **कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर** | % | 84.01 | | 100 |
| **आधारभुत तह कक्षा ८ पुरा गर्ने दर** | % | | | 100 |
| **आधारभुत तह १--८मा कूल भर्नादरमा लैङ्गिक समता सूचाङ्क** | | | | 1 |
| सामुदायिक विद्यालयबाट एस इ.इ. को परिक्षामा १.६ वा सो भन्दा उच्च जि. पि. ए. प्राप्त गरेका विद्यार्थी प्रतिशत | | 52.8 | 59.3 | 47 |
| कक्षा ५ सिकाइ उपलब्धि सामुदायिक विद्यालय | | | | |
| नेपाली | जीपीए | 2.3 | 2.6 | 2.3 |
| गणित | जीपीए | 2 | 2.4 | 2.2 |
| अङ्ग्रेजी | जीपीए | 2.1 | 2.3 | 2.4 |
| विज्ञान | जीपीए | 2.1 | 2.4 | 2.3 |
| सामाजिक | जीपीए | 1.5 | 2.4 | 2.3 |
| कक्षा ८ सिकाइ उपलब्धि | | | | |
| नेपाली | जीपीए | 2.1 | 2.2 | 2.8 |
| गणित | जीपीए | 2.1 | 2.3 | 2.5 |
| अङ्ग्रेजी | जीपीए | 2.1 | 2.3 | 2.6 |
| विज्ञान | जीपीए | 2.3 | 2.3 | 2.5 |

| | | | | |
|---|---|---|---|---|
| सामाजिक | जीपीए | 2.3 | 2.2 | 2.7 |
| विद्यालय बाहिर रहेको बालबालिका आधारभूत तह कक्षा 1-5 | % | **२.५** | **३.०** | |
| विद्यालय बाहिर रहेको बालबालिका आधारभूत तह कक्षा 1-8 | % | **7.5** | **7.3०** | |
| माध्यमिक तह खुद भर्ना दर कक्षा ९-१२ | % | 51.2 | 51.6 | 48.9 |
| माध्यमिक तह कूल भर्ना दर कक्षा कक्षा ९-१२ | % | 74..5 | 70.9 | 80 |
| माध्यमिक तहमा लैङ्गिक समता सुचक ९-१२ | % | **१** | **१** | |
| आधारभुत तहबाट मावि तहमा ट्रान्जिसन दर | % | **८७** | **८७** | **100** |
| कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | % | **६४** | **६४.२** | |
| माध्यमिक तहमा कार्यरत कक्षा ९-१० मा कार्यरत महिला शिक्षक | % | **२०** | **२२** | **२२** |
| साक्षरता दर १५ बर्षभन्दा माथिको | % | 80 | | |
| साक्षरता दर ६ बर्ष माथिको | % | 78.8 | 78.8 | |
| साक्षरता दर १५ देखि २४ वर्ष | % | 82 | 82 | |
| बालविकास कक्षामा विद्यार्थी शिक्षक अनुपात सामुदायिक विद्यालय | **अनुपात** | 21-1 | 28-1 | 26.1 |
| कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात | **अनुपात** | 30.5- | 30-1 | 27 |
| कक्षा ६-८मा विद्यार्थी शिक्षक अनुपात | **अनुपात** | 60-1 | 60-1 | 56 |
| कक्ष १-८ मा विद्यार्थी शिक्षक अनुपात | **अनुपात** | 37-1 | 36.-1 | **36** |
| कक्षा ९- १० मा विद्यार्थी शिक्षक अनुपात | **अनुपात** | 40.5- | 40-1 | 34 |
| कक्षा ११-१२ मा विद्यार्थी शिक्षक अनुपात | **अनुपात** | **५४-१** | 80-1 | 96 |
| पँहुच Access | | | **93.1** | **94.1** |
| सहभागिता Participation | | **33.1** | **72.5** | **75.2** |
| सिकाइ Learning | | **33.8** | **39** | **37.6** |
| समता सूचक Equity Index | | **55.6** | **68.2** | **69** |

**स्रोत: फ्लास रिपोर्ट २०८२**

## २.२ शिक्षण सिकाइ अनुदानमा नियुक्त भएका शिक्षकहरुको विवरण

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, योजना तथा अनुगमन शाखा सानोठिमी, भक्तपुर पत्र संख्या २०८२/८३ च.नं.१९५ मिति २०८२/०९/०६गतेको प्राप्त पत्रानुसार यस आ.व. २०८२/८३ को नेपाल सरकार सशर्तको विद्यालय क्षेत्र सुधार कार्यक्रम तर्फ आधारभूत तहमा कक्षा (६ -८) मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग शीर्षक नं. २.७.१३.४१मा रु ४६लाख १५ हजार रुपैया निकासा भै आएकोमा उक्त तहमा नियुक्त १३जना शिक्षकहरुको लागि रु ६७७९३७०/- सत्रसठ्ठी लाख उनासी हजार तीन सय सत्तरी रुपैया खर्च हुने भएको हुदाँ नपुग रकम २१६४३७० एक्काइस लाख चौसठ्ठी हजार तीन सय सत्तरी रुपैया नपुग हुने भएको हुदाँ १३जना शिक्षकहरुको विवरण सहित कार्यक्रम कार्यान्वय कार्यविधिको अनुसूची १ वमोजिम तहगत शिक्षकको वार्षिक तलब र भत्ता नपुग मागफाराम भरी एक प्रति माग गरि पठाइएकोमा निकासा प्राप्त नभएको।

आ.व. २०८२/८३ मा आधारभूत तह शिक्षण सिकाइ अनुदान गणित, विज्ञान र अंग्रेजी विषयको लागि रु ४६१५०००/ (छयालिस लाख पन्ध हजार रुपैया) वजेट निकासा भै आएकोमा सो रकम पुरै खर्च भएको र नपुग रकम रु १३लाख ८४ हजार ३सय ७० रुपैइ कार्यपालिकाको निर्णय वमोजिम निकासा भएको अवस्था हो। माध्यमिक तह तर्फको शिक्षण सिकाइ अनुदान रु ८६७००००/ ( छयासी लाख सत्तरी हजार रुपैया) वजेट निकासा भइ आएकोमा ८४२३०००/- चौरासी लाख तेइस हजार रुपैय खर्च भै ९७ प्रतिशत रकम खर्च भएको अवस्था रहेको छ। आधारभूत तह र माध्यमिक तहमा नियुक्त भएको शिक्षकको नाम तह विषय विद्यालयको नाम र नियुक्ति मिति यसै तालिका नं ५ मा उल्लेख गरिएको छ ।

| क्रस | अनुदान शिक्षकको नाम थर | तह | विषय | विद्यालय | नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १ | वीरेन्द्र गुप्ता | आधारभूत | विज्ञान | छपिया आ.वि. | २०८०/०५/१८ |
| २ | ज्योती थारु | आधारभूत | अंग्रेजी | जंगहत्था मावि | २०८१/१०/१३ |
| ३ | जानकी चौधरी | आधारभूत | अङ्गेजी | जनज्योती आवि | २०७५/०६/२२ |
| ४ | कृष्णगोपाल कंडेल | आधारभूत | अङ्गेजी | दुर्गादेवी मावि | २०८०/१२/१८ |
| ५ | जितेन्द्र थारु | आधारभूत | अङ्गेजी | कोटही आवि | २०७५/०६/०१ |
| ६ | सन्दिष यादव | आधारभूत | अङ्गेजी | त्रिवेणी आवि | २०८०/०३/१० |
| ७ | अनुशा जिसि | आधारभूत | विज्ञान | विवेकशिल आवि | २०८१।०२।०४ |
| ८ | सपना थापा | आधारभूत | विज्ञान | दुर्गादेवी मावि | २०८०/१२/१८ |
| ९ | राधिका सुबेदी | आधारभूत | अंग्रेजी | सरस्वती आवि | २०७५/०६/२५ |
| १० | रमेश लोध | आधारभूत | गणित | जनज्योती आवि | २०८२/०२/१२ |
| ११ | लालमन यादव अहिर | आधारभूत | गणित | जनता आवि | २०८१/०६/११ |
| १२ | धनिराम गुप्ता तेली | आधारभूत | विज्ञान | ज्ञानोदय आवि | २०८१/१२/११ |
| १३ | गिर वहादुर के.सी. | आधारभूत | विज्ञान | जनता आवि | 2081/08/09 |
| | माध्यमिक तह तर्फ | | | | |
| १ | मनोज कुमार चौधरी | माध्यमिक | विज्ञान | समयमाइ मावि | २०८१/०१/१८ |
| २ | अनिता चौधरी | माध्यमिक | गणित | सिध्दार्थ मावि | २०८१/०२/२३ |
| ३ | राम प्रसाद थारु | माध्यमिक | गणित | गणसारी मावि | २०८१/०२/०४ |
| ४ | किशोरीलाल गुप्ता | माध्यमिक | विज्ञान | गणसारी मावि | २०८०/०१/१४ |
| ५ | वीरेन्द्र कुमार भर | माध्यमिक | अंग्रेजी | गणसारी मावि | २०८२/०२/१३ |
| ६ | गंगा सागर मिश्र | माध्यमिक | गणित | विरेन्द्र मावि | २०८०।०१।०३ |
| ७ | कङ्ग्रेश धवल | माध्यमिक | अङ्गेजी | जंगहत्था मावि | २०८०/०१/१७ |
| ८ | सपना अर्याल | माध्यमिक | विज्ञान | जंगहत्था मावि | २०८१/०८/०९ |
| ९ | रामजीप्रसाद घिमिरे | माध्यमिक | गणित | जंगहत्था मावि | 2081.12.17 |
| १० | कृष्णप्रसाद थारु | माध्यमिक | गणित | समयमाई मावि | २०८१/०६/१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नुमाकान्त पाण्डे | माध्यमिक | विज्ञान | सिध्दार्थ मावि | २०८०/०१/०७ |
| १२ | रामवेलास जैसवाल | माध्यमिक | अङ्गेजी | समयमाइ  मावि | २०८१/०२/.०८ |
| १३ | उर्मिला भट्टराइ | माध्यमिक | विज्ञान | दुर्गादेवी मावि | 2081.06.13 |
| १४ | अमित गोडिया | माध्यमिक | गणित | दुर्गादेवी मावि | 2081.12.10 |
| १५ | भीम कुँवर | माध्यमिक | अंग्रेजी | दुर्गादेवी मावि | २०६१/०६/१३ |

## २.३ आधारभूत तह कक्षा ६-८ मा शुन्य दरवन्दी विद्यालयमा शिक्षण सिकाइ अनुदान माग

आधारभूत तह कक्षा ६-८ मा शुन्य दरवन्दी भएका निम्न विद्यालयहरुमा शिक्षण सिकाई अनुदान कोटा नपुग भएको हुदाँ थप कोटको लागि आगामी आवमा वजेट विनियोजन गरिदिन हुन अनुरोध छ। साथै  विवरण यसै साथ संलग्न गरिएकोछ।

| क्र | आइडि नम्वर | आधारभूत तहमा शुन्य दरवन्दी वा शुन्य राहत भएको विद्यालयको नाम | आधारभूत तह कक्षा( ६- ८) | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थायी दरवन्दी | राहत | शिक्षण सिकाइ अनुदान कोटा | नपुग |
| १ | 490180004 | छपिया आ.वि | | ० | १ | २ |
| २ | 490280002 | जनज्योति आ.वि | ० | ० | १ | २ |
| ३ | 490170002 | जनता आ.वि. | ० | ० | ० | १ |
| ४ | 490280003 | ज्ञानोदय आ.वि. | ० | ० | ० | १ |
| ५ | 490410003 | कोटही आवि | ० | ० | १ | २ |
| ७ | 490030010 | विवेकशिल आवि | ० | ० | १ | २ |
| ८ | 490280006 | सरस्वती आ.वि | ० | ० | १ | २ |
| ९ | 490280001 | जंगहत्था मा.वि | ० | ० | १ | २ |
| १० | 490410004 | गणसारी मा.वि | ० | ० | ० | ३ |
| ११ | 490030004 | दुर्गादेवी मा.वि | ० | ० | २ | १ |
| | **जम्मा नपुग** | | | | | १८ |

**२.४ स्थानीय तहको सगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था**

नेपालको संविधानले व्यवस्था गरे अनुरुप तीन तहका सरकार गठन भई कार्य सञ्चालन प्रारम्भ भईसकेको अवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुरुपका शिक्षाका कार्यहरु सञ्चालन गर्नका लागि स्थानीय तहको आकार र भौगोलिक तथा जनसांख्यिक स्वरूप, विद्यालय, विद्यार्थी तथा शिक्षक संख्या समेतका आधारमा सिर्जना हुने कार्यबोझ र सेवा प्रवाहको सुगमता समेतलाई दृष्टिगत गरी स्थानीय तहमा शिक्षाको संरचना तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ नेपालको संविधान प्रदत्त अधिकार र क्षेत्रगत कार्यव्यवस्थापनलाई स्थानीय सरकारमातहत व्यवस्थापन गर्ने गरी स्थानीय सरकार ऐन २०७४ मा आधारभूत तथा माध्यमिक शिक्षा क्षेत्रमा स्थानीय तहको २३ वटा काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ सङ्घिय स्वरूपमा तीन तहमा प्रवाह गने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठानात्मक स्वरूपमा केही परिवर्न गरी व्यवस्थापन गरिएको छ।

कतिपय स्थानीय सरकार सांगठनिक रुपमा पुनरसंरचनाको समयमा भएका र रिक्त पदपूर्ति गरी जनशाक्ति व्यवस्थापनवाट सेवा प्रवाहमा प्रभावकारिता ल्याइ रहेको अवस्था छ। माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत भएको सन्दर्भमा केन्द्र देखि स्थानीय तहसम्म शिक्षाको समग्र व्यवस्थापनको पुनर्संरचना आवश्यक देखिएको छ। गाउँपालिका मात्र शिक्षाको उपस्थिति मात्र देखिन्छ तर यो उपस्थिति वडातहमा छैन केवल विद्यालयहरुमात्र छन्। भौगोलिकता ,जनसङ्ख्या ,विद्यालय शिक्षक र विद्यार्थी सङ्ख्याको आधारमा शिक्षा शाखाको जनशक्तीको पुनरसंरचना गरिनु पर्दछ। शिक्षा शाखाको २ जना जनशक्तिको मातहतमा ४२२ जना शिक्षक ,५७ शैक्षिक संस्थाहरु र १२९५१जना वालवालिकाहरु रहेका छन्। यो कामको हिसावले निकै वोझिले रहेको छ। नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षा स्थानीय निकायलाई जिम्मेवारी हस्तान्तरण गरे पनि शिक्षासँग सम्वन्धित सवै कार्यहरु शाखाको २ जनशक्तिले नै गर्ने हो। तेसैले विद्यालय अनुगमन तथा सुपरिवेक्षणको कार्यविवरण हुने गरि एकजना अधिकृत कर्मचारीको दरवन्दी थपको लागि समेत अनुरोध छ।

## परिच्छेद तीन : कार्यक्रम कार्यान्यनको वित्तीय प्रगति

### ३.१ नेपाल सरकार शसर्त तर्फको शिक्षाका कार्यक्रमहरुको प्रगति अवस्था

नेपाल सरकारले शिक्षामा राष्ट्रिय बजेटको कम्तीमा २०% विनियोजन गर्ने विश्वव्यापी सहमति इन्चौन घोषणा पत्रमा हस्ताक्षर भए पनि हालका वर्षहरूमा १०% देखि ११% को आसपास मात्रै सीमित  शिक्षा बजेटको प्रकृति हेर्दा यसको सिंहभाग करिब ८०% देखि ८५% सम्म चालू खर्चमा जान्छ । यसमा शिक्षक तथा कर्मचारीको तलब, भत्ता, विद्यालय सञ्चालन अनुदान र प्रशासनिक खर्च पर्छन् । विद्यालय भवन निर्माण, प्रयोगशाला, डिजिटल पूर्वाधार जस्ता पूँजीगत खर्चका लागि निकै कम प्रतिशत बजेट विनियोजन हुने गरेकोछ । संघीयता कार्यान्वयनसँगै शिक्षा बजेटको ठूलो हिस्सा स्थानीय तह र प्रदेश तहमा रूपमा पठाइन्छ । विनियोजित बजेट कसरी खर्च भइरहेको छ भन्ने कुराले शिक्षाको प्रभावकारिता तय गर्छ । शिक्षकको तलब र प्रशासनिक खर्च शीर्षकको बजेट झन्डै ९०% भन्दा वढी खर्च हुन्छ । तर विद्यालयको भौतिक पूर्वाधारमा सुधार, आईसीटी ल्याब स्थापना तथा  प्रयोग र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि छुट्याइएको विकास बजेट न्यून हुँदा त्यसको उपलव्धि पनि न्यून नै देखिएको  हो । बजेटको आकार सानो र खर्चमा चुनौती भए पनि पछिल्ला वर्षहरूमा शिक्षा क्षेत्रमा केही उल्लेख्य प्रगति र रूपान्तरणकारी प्रयासहरू भएका छन् । विद्यालयमा विद्यार्थी टिकाउन र कक्षा छोड्ने दर कम गर्न दिवा खाजा कार्यक्रम प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्म  प्रभावकारी देखिएको छ भने  छात्राहरूका लागि स्यानिटरी प्याडको प्रयोगले पनि यसमा टेवा पुगेको छ । पछिल्लो समय शिक्षालाई प्रविधिमैत्री बनाउन,विद्यालय तह देखि नै आर्टिफिसियल इन्टेलिजेन्स (AI) र सूचना प्रविधिको अध्ययन गराउन बजेटले विशेष प्राथमिकता दिएको छ । खुद भर्ना दर Net Enrollment Rate मा  निकै प्रगति भएको छ । सियारी गाउँपालिकाको  कक्षा १-५ को Net Enrollment Rate ९२ प्रतिशत छ भने कक्षा ६-९को ९९ प्रतिशत रहेको छ । सियारी गाउँपालिकाको कक्षा १-५ र कक्षा १-८को टिकाउदर ९९ प्रतिशत रहेको अनलाइन इमिसले  देखाएको छ तर विद्यार्थीको सिकाइ उपलब्धि (Learning Outcomes) र कक्षा १०/१२ को नतिजा SEE / SLCअझै कमजोर नै रहेको छ ।  नेपालको शिक्षा क्षेत्रको बजेट विनियोजन अझै पनि डिजिटलाइजेसन  र गुणस्तर विकास भन्दा बढी दायित्व धान्ने  तलब/भत्ता व्यवस्थापनमा सिमित हुदाँसम्म आशातित सिकाइ उपलव्धि हासिल गर्न सकिएको छैन  । जबसम्म कुल बजेटको २०%शिक्षामा पुग्दैन र पूँजीगत खर्च गर्ने क्षमता सुधारिँदैन, तबसम्म सार्वजनिक शिक्षाको गुणस्तरमा तीव्र रूपान्तरण ल्याउन कठिन देखिन्छ ।

आ.व. २०८२/८३मा १८करोड ७६लाख रुपैया विनियोजन भएकोमा रु १७ करोड ३९ लाख ४४  हजार रुपैया खर्च भै ९३ प्रतिशत  वित्तिय प्रगति भएको छ भने ९७ प्रतिशत भौतिक प्रगति प्रगति भएको छ ।   कार्यक्रयगत खर्च विवरण यस प्रकार  रहेको छ ।

| क्रस | कार्यक्रम शिर्षक | क्रियाकलाप नं | वार्षिक विनियोजन रु हजारमा | आ व को.जम्मा वित्तिय लक्ष्य | आ.व.को जम्मा वित्तिय प्रगती | आव को जम्मा. वित्तिय प्रगती प्रतिशत | आव को जम्मा . भौतिक लक्ष्य | आव को जम्मा . भौतिक प्रगती | आव को जम्मा . भौतिक प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक तथा कर्मचारी समेत | ११.३.३. | 87200 | 87200 | 83711 | 96 | 145 | 141 | 97 |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तलब भत्ता अनुदान | ११.३.४. | 22600 | 22600 | 22600 | 100 | 31 | 31 | 100 |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारीश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ११.४.१. | 14675 | 14675 | 14318 | 98 | 90 | 88 | 98 |
| ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान स्थानीय विषय मातृभाषाको समेत | २४.६.२. | 5880 | 5880 | 5053 | 86 | 7208 | 7206 | 100 |
| ५ | विद्यालय सञ्चालन व्यबस्थापन अनुदान | २७.१३.१०. | 2125 | 2125 | 2060 | 97 | 28 | 28 | 100 |
| ६ | शैक्षिक पहुँच सुनिश्चतता अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम परंपरागत- विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कायर्क्रम समेत _ | २७.१३.११. | 2650 | 2650 | 2385 | 90 | 7 | 7 | 100 |
| ७ | विद्यालयमा शैक्षक गुणस्तर सुदृढीकरण तथा विद्यालयलाइ कार्य सम्पादनमा आधारित प्रोत्साहनमा अनुदान | २७.१३.१३. | 4500 | 4500 | 4490 | 100 | 4 | 4 | 100 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | प्रति विद्यार्थी लागत शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | २७.१३.५०. | 2217 | 2217 | 2035 | 92 | 8958 | 8345 | 93 |
| ९ | सार्वजनिक विद्यालयका अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ती आवासीय- तथा गैरआवासीय छात्रबृत्ती | ७२.१.१. | 1992 | 1992 | 1328 | 67 | 2174 | 1956 | 90 |
| १० | तोकिएका बिद्यार्थीका लागि दिवा खाजा का लागि विद्यालयलाई अनुदान | २७.११.१. | 18365 | 18365 | 16725 | 91 | 4865 | 4865 | 100 |
| ११ | सामुदायिक बिद्यालयका छात्राहरुलाइ निशुल्क सेनिटरी प्याड ब्याबस्थापन | २७.१३.२३. | 1946 | 1946 | 898 | 46 | 2447 | 2447 | 100 |
| १२ | शैक्षिक सुशासनका लागिसंस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण | २७.१३.३०२. | 1047 | 1047 | 492 | 47 | 7 | 7 | 100 |
| १३ | माध्यमिक तह कक्षा ९ र १०मा अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग | २७.१३.४०. | 8670 | 8670 | 8423 | 97 | 15 | 15 | 100 |
| १४ | आधारभूत तहमा कक्षा ६ मा ८-अङ्ग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोग | २७.१३.४१. | 4615 | 4615 | 4615 | 100 | 13 | 13 | 100 |
| १५ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएको ६-१२मा अध्ययनरत विद्यार्थीका लागि छात्रबृती | २७.१३.३०५. | 1518 | 1518 | 858 | 57 | 143 | 143 | 100 |
| १६ | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | २७.८.३१४. | 2100 | 2100 | 2100 | 100 | 3 | 3 | 100 |
| १७ | स्थानियको साझेदारिमा विद्यालय भवन निर्माण अनुदान | ११ १.२.२१८६. | 5500 | 5500 | 1650 | 30 | 1 | 1 | 100 |
| | | | 187600 | 187600 | 173944 | 93 | | | 97 |

### ३.२ सियारी गाउँपालिकाको आन्तरिक स्रोत तर्फको शिक्षाका कार्यक्रमहरुको प्रगति अवस्था

आ.व.२०८२/८३मा सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट २करोड ३४लाख८४ हजार रुपैया विनियोजन भएको रु २करोड १८ लाख ४१ हजार रुपैया खर्च भै ९३ प्रतिशत वित्तिय प्रगति भएको छ भने ८७ प्रतिशत भौतिक प्रगति भएको छ। कार्यक्रय अनुसारको खर्च विवरण यस प्रकार रहेकोछ।

| क्र.सं. | कार्यक्रम शिर्षक | बार्षिक विनियोजन बजेट रु हजारमा | जम्मा वित्तिय लक्ष्य | जम्मा वित्तिय प्रगती | जम्मा वित्तिय प्रगती प्रतिशत | जम्मा भौतिक लक्ष्य | जम्मा भौतिक प्रगती | जम्मा भौतिक प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महिला शिक्षक प्रसुति प्रोत्साहन | 25 | 25 | 10 | 40 | 5 | 2 | 40 |
| २ | प्रावि निमावि मावि अस्थायी शिक्षक पारिश्रमिक गाउँपालिका आन्तरिक स्रोत | 8547 | 8547 | 8120 | 95 | 35 | 34 | 97 |
| ३ | बालविकास आया पारिश्रमिक रु ६०००। को दरले ९ जनाको १३ महिनाको | 702 | 702 | 702 | 100 | 9 | 9 | 100 |
| ४ | बालविकास शिक्षक लेखा सहायक तथा विद्यालय सहयोगी कर्मचारी थप पारिश्रमिक रु ७००० का दरले | 8008 | 8008 | 7931 | 99 | 90 | 87 | 97 |
| ५ | सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको लागि थप पारिश्रमिक थप रु १००० | 52 | 52 | 52 | 100 | 4 | 4 | 100 |
| ६ | प्रअ प्रोत्साहन प्रति महिना रु. ५०० का दरले १२ महिनाको प्रोत्साहन खर्च | 200 | 200 | 86 | 43 | 28 | 28 | 100 |
| ७ | गाउँपालिकास्तरीय वार्षिक परिक्षा सञ्चालन खर्च | 300 | 300 | 300 | 100 | 2 | 2 | 100 |
| ८ | कक्षा ५, ८, र एसइइमा प्रथम र द्वितीय स्थान हासिल गरि उत्कृष्ट अङ्क ल्याउनेलाइ जेहेन्दार विद्यार्थीलाइ पुरस्कार | 100 | 100 | 100 | 100 | 9 | 9 | 100 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षकहरुका लागि एकिकृत पाठ्यक्रम अभिमुखिकरण तथा शिक्षकको पेशागत विकास | 200 | 200 | 200 | 100 | 88 | 88 | 100 |
| १० | शिक्षा दिवस | 150 | 150 | 130 | 87 | 4 | 4 | 100 |
| ११ | सिद्धार्थ मा वि Maths Lab | 100 | 100 | 100 | 100 | 1 | 1 | 100 |
| १२ | विद्यालयहरुमा स्काउट कार्यक्रम | 300 | 300 | 134 | 45 | 3 | 3 | 100 |
| १३ | गाउँपालिका अध्यक्षको भत्तावाट दिइने रु दुइलाख पचास हजार र गाउँपालिकाको साझेँदारीमा छात्रवृत्ती वितरण | 250 | 250 | 228 | 91 | 67 | 67 | 100 |
| १४ | प्रअ तथा विभिन्न समिति वैठक तथा खाजा खर्च | 300 | 300 | 298 | 99 | 1 | 1 | 100 |
| १५ | विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप | 200 | 200 | 137 | 69 | 28 | 28 | 100 |
| १६ | स्थानीय पाठ्यपुस्तक लेखन कक्षा (4,6,7) | 300 | 300 | 289 | 96 | 3 | 3 | 100 |
| १७ | विद्यालयका प्रअ तथा कासका लागि जिन्सी तथा लेखापालन तालिम | 100 | 100 | 100 | 100 | 38 | 38 | 100 |
| १८ | मदरसा इ रिक्सा तथा शिक्षक व्यवस्थापन | 100 | 100 | 100 | 100 | 1 | 1 | 100 |
| १९ | लिलाधर छपिया जनता कलेज volunteer teacher २ जना | 650 | 650 | 650 | 100 | 2 | 2 | 100 |
| २० | क्लब र संघ संस्थाको लागि खेलकुदका विभिन्न सामग्री वितरण | 200 | 200 | 135 | 68 | 1 | 1 | 100 |
| २१ | अन्तर पालिकास्तरिय खेल संचालन र पालिका स्तरिय खेलमा सहभागिता | 250 | 250 | 250 | 100 | 1 | 1 | 100 |
| २२ | बालविकास केन्द्र कक्षाकोठा व्यवस्थापन | 150 | 150 | 0 | 0 | 9 | 0 | 0 |
| २३ | अध्यक्षकप रनिंगशिल्ड फुटवल प्रतियोगिता | 700 | 700 | 690 | 99 | 1 | 1 | 100 |
| २४ | बालबिकास केन्द्रको माटो पटान | 200 | 200 | 38 | 19 | 9 | 3 | 33 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | सामुदायिक विद्यालयलाइ पंखा व्यवस्थापन | 300 | 300 | 89 | 30 | 28 | 3 | 11 |
| २६ | लागत साझेदारिमा three star विद्यालय | 100 | 100 | 50 | 50 | 1 | 0 | 0 |
| २७ | राम जानकी खुल्ला जिम स्थापना वडा नं. ५ | 400 | 400 | 390 | 98 | 1 | 1 | 100 |
| २८ | सियारी गाउँपालिकाको दशवर्षे योजना निर्माण | 600 | 600 | 533 | 89 | 1 | 1 | 100 |
| | जम्मा | 23484.0 | 23484.0 | 21841.1 | 2214 | 93 | 422 | 87 |

## ३.३ मुख्य मुख्य समस्या तथा चुनौतीहरु

3.3.1 विद्यालय वाहिर रहेका २८९ वालवालिकाहरुको लागि ७ वठा वडामा मातृविद्यालय तोकी पठन पाठनको शुरुवात गरिएको छ। तिनिहरुलाइ टिकाइ रहने पाठ्यपुस्तकको व्यवस्थापन गर्ने चुनौती छ।

3.3.2 आगामी सियारी शैक्षिक महोत्सव तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको सञ्चालन र व्यवस्थापनमा चुनौती।

3.3.3 शिक्षा शाखामा जनशक्तिको अभाव रहेको, २ जना जनशक्तिबाट शिक्षा युवा तथा खेलकुदका सशर्त, प्रदेश र गा.पा.का आन्तरिक कार्यक्रमहरु कार्यान्वयन गर्न हम्मे हम्मे रहि रहेको अवस्था।

3.3.4 अनुगमन योजना स्वीकृत गरि अनुगमन गरिएपनि शिक्षकहरुमा अपेक्षित पेशागत सहायता प्रदान गर्ने चुनौती।

3.3.5 आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य भनिएको छ। यसको कार्यान्वयनको लागि ठूलो रकम लगानी गर्नु पर्ने चुनौती।

3.3.6 शिक्षक दरबन्दी अत्यन्तै न्युन रहेको दरबन्दि मिलानको काम सकिसके पछि पनि शिक्षक व्यवस्थापन नहुदाँ गाउँपालिकाको आन्तरिक तर्फको अधिकाशं बजेट गाउँपालिकाका अस्थायी दरबन्दिका शिक्षक तलब भत्तामा खर्च हुने हुदाँ शिक्षण सिकाइको गुणस्तर सुधार गर्न नसकिएको।

3.3.7 शिक्षण सिकाइ अनुदानको वितरण सियारी गाउँपालिकामा अध्ययनरत वालवालिकाहरु र शिक्षकहरुको दरवन्दी थप हुने १०१ संख्याको तुलनात्मक आवश्यकताको आँकलनमा हुन नसक्दा गुणस्तर सुधारमा आशातित उपलव्धि हासिल हुन नसक्नु।

3.3.8 वालविकास शिक्षकहरुको पारिश्रमिक वढनु अत्यन्तै सह्रानिय कार्य भए पनि यसमा पालिकको आन्तरिक स्रोतवाट करीव ७९ लाख हरेक वर्ष खर्चि रहदा उपलव्धि न्यून नै रहेको ।

3.3.9 नेपालको संविधान २०७२ जारीसँगै शिक्षाका २३ वटा अधिकार स्थानिय तहमा हस्तारण भएका मध्ये हालसम्म १५ अधिकार क्षेत्रमा मात्र कानूनी व्यवस्था गर्न सकिएको र वाँकी क्षेत्रमा कानूनी सहायतको आवश्यता रहिनै रहेको।

3.3.10 द्वन्द र अन्तरद्वन्द वढ्दो। विद्यालय व्यवस्थापन समिति गठनमा अन्यौलता।

3.3.11 विद्यालय नक्शांकन समायोजनको कार्य गर्न नसक्दा शिक्षक अभाव रहि रहने अवस्था ।

## ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु

**3.4.1** शिक्षक दरबन्दी मिलान भैसकेको अवस्थामा तत्काल आवश्यक संख्यामा स्थायि शिक्षकको व्यवस्थापन गर्नुपर्ने ।

**3.4.2** शिक्षा शाखामा कार्यरत जनशक्तिको क्षमता विकासका सेवाकालिन तथा पुनर्ताजगी तालिम प्याकेजको व्यवस्था गर्नुपर्ने ।

**3.4.3** शिक्षकहरुको पेशागत विकासको लागि विज्ञ समूह गठन भए पनि  समुचित परिचालन गर्न सकिएमा अझै सुधार हुने ।

**3.4.4** शिक्षण सिकाइ अनुदान स्वयंसेवक शिक्षक लगायत बिभिन्न नाममा शिक्षक नियुक्ति गर्नुभन्दा शिक्षकसेवा आयोग मार्फत नै स्थायी शिक्षकको व्यवस्था गर्दा दीर्घकालिन रुपमा समेत शिक्षक व्यवस्थापनमा सहयोग पुगि गुणस्तर सुधार हुने देखिन्छ ।

**3.4.5** अभिभावकशहरुलाई  मोटिभेसनल कक्षाहरु सञ्चालन गराउनु पर्ने ।

**3.4.6** शिक्षामा छुट्याइएको वजेट मानव संसाधन विकासमा गरिएको लगानी हो जस्तै तत्काल वाटो र माटोमा गरिएको लगानीले प्रतिफल दिए जस्तै दीर्घकालमा यसको प्रतिफल प्राप्त हुने भएकाले यसमा लगानी वढाउनु पर्ने देखिन्छ ।

**3.4.7** विद्यालय नक्शांकन गरि आवश्यक विद्यालय संख्या किटान गरिनु पर्नेदे खिन्छ ।

**3.4.8** शिक्षाका २३ अधिकारहरु मध्ये गुणस्तर परीक्षण र व्यवस्थापनको काम हालसम्म पनि हुन नसकेकाले यस तर्फ ध्यान दिनु पर्ने अवस्थाछ ।

## परिच्छेद चार: उपलब्धि तथा कार्यक्रम विस्तृतिकरण

### ४.१ शिक्षक दरवन्दी मिलानको प्रगति विवरण

शिक्षा तथा मानवस्रोत विकास केन्द्र (शिक्षक व्यवस्थापन समन्वय शाखा ) सानोठिमी भक्तपुरको पत्र संख्या २०७६/ ७७ च.न. १८९ मिति २०७६/ १२/११को पत्रवाट प्राथमिक तह (१-५) मा मौजुदा दरवन्दी स्वीकृत ८६ ,राहत ३७ गरी जम्मा १२३ र प्राथमिक तहमा ८ दरवन्दी थप गरी आवश्यक दरवन्दी १३१उल्लेख गरिएको भने निमा तह कक्षा (६-८) मा मौजुदा दरवन्दी स्थायी ११ र राहत १२ गरि २३ दरवन्दीमा शिक्षकहरु कार्यरत रहेको अवस्था छ। यस तहमा कुनै पनि विद्यालयको दरवन्दी पुलमा नरहेको र निमा तहको लागि थप ५७ वटा दरवन्दी सङ्घिय सरकारवाट थपिने भनी उक्त पत्रमा उल्लेख गरिएकोछ।

त्यस्तै गरी माध्यमिक तह कक्षा(९-१०)मा स्वीकृत - १४, राहत - १० गरी २४ दरवन्दी मध्ये २० दरवन्दिमा शिक्षक कार्यरत र ४ दवन्दी शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त गर्नु पर्ने देखिन्छ भने संघिय सरकारवाट मावि तहमा थपिने दरवन्दी ६० भनी लेखि आएकाले सियारी गाउँपालिका गाउँसभा को मिति २०७७/०३ /१० को निर्णय वमोजिम वितरण गर्ने निर्णय गरिएको ।

**प्राथमिक तह :** यस तहमा सियारी गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा निम्नानुसार दरवन्दी मिलान गर्ने निर्णय गरियो।

**निर्णय न १**: सियारी गाउँपालिका भित्रका दरवन्दी सियारी गाउँपालिका भित्रैका विद्यालयहरुमा थपिने र मिलान गर्ने गरी समायोजन गर्ने सियारी गाउँपालिकाको दरवन्दी सियारी गाउँपालिका मै समायोजन गर्ने। सियारी गाउँपालिका मै नियमानुसार दरवन्दी खपत हुने भएकाले श्री जिल्ला समन्वय समितिका प्रमुख र श्री शिक्षा विकास तथा समन्वय इकाइलाइ अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय न.२:** सियारी गाउँपालिकामा प्राथमिमक तहमा८३ स्थायी अस्थायी ४ राहत ३७गरी कूल १२३ दरवन्दी मौजुदा रहेको र संघिय सरकारले दरवन्दी मिलानको क्रममा ८ दरवन्दी थप भइ प्राविमा३प्रावि दरवन्दी १३१ कायम गर्ने। विद्यार्थी सख्याको आधारमा प्राथमिक तह कक्षा १–५ मा न्यूनतम दरवन्दी ४ कायम गरिएको छ।

| क्रस | विद्यालयकोनाम | जम्मामौजुदाप्रावि दरवन्दी | कक्षा१-५ माविद्यार्थीसख्या | | विद्यार्थी सख्याको आधारमा दरवन्दी कायमहुनुपर्ने सख्या अनुपात | थपगर्नुपर्नेशिक्षकसख्या | | मौजुदाशिक्षकसख्या माघटाउनुपर्नेशिक्षक सख्या | सघियसरकारलेप्रदानगरेकोदरवन्दी अनुसारकायमगर्नुपर्नेदरवन्दीसख्या | पुलमाराखिएकोदरवन्दी विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | | पुलवाटथप्ने | सघिय सरकारवाट थपिने | | | |
| १ | रामजानकी प्रा.वि | ३ | 35 | 83 | 2 | १ | | | ४ | |
| २ | सिद्धार्थमा.वि | ६ | 31 | 67 | 2 | | | २ | ४ | २ |
| ३ | समयमाईमा.वि | ६ | 71 | 141 | 4 | | | १ | ५ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | दुर्गादेवीनि.मा | ४ | 94 | 204 | 6 | 2 | 2 | | ८ | |
| ५ | जनतामा.वि | ९ | 60 | 116 | 3 | | | ४ | ५ | ४ |
| ६ | विवेकशिलनिमा | ४ | 55 | 96 | 3 | | | | ४ | |
| ७ | त्रिवेणीआवि | ४ | 133 | 278 | 8 | ४ | १ | | ९ | |
| ८ | आकासरविप्रावि | १ | 105 | 170 | 5 | ३ | १ | | ५ | |
| ९ | चिल्हियामा.वि | ७ | 67 | 137 | 4 | | | २ | ५ | २ |
| १० | जनताआ.वि. | ७ | 55 | 90 | 3 | | | २ | ५ | २ |
| ११ | जनज्योतिप्रावि | ३ | 51 | 79 | 2 | १ | | | ४ | |
| १२ | बालकल्याणप्रा.वि | ३ | 33 | 87 | 2 | १ | | | ४ | |
| १३ | सिद्धप्रावि | ४ | 35 | 60 | 2 | | | | ४ | |
| १४ | छपियानि.मा.वि | ९ | 123 | 234 | 7 | | | १ | ८ | १ |
| १५ | विरेन्द्रमा.वि | ८ | 90 | 169 | 5 | | | ३ | ५ | ३ |
| १६ | पब्लिकनमूनामा.वि | ५ | 122 | 280 | 8 | ४ | १ | | १० | |
| १७ | जंगहत्थामा.वि | ५ | 49 | 98 | 3 | | | | ५ | |
| १८ | जनज्योतिनि.मा.वि | ६ | 40 | 61 | 2 | | | १ | ५ | १ |
| १९ | ज्ञानोदयप्रा.वि. | ३ | 49 | 95 | 3 | १ | | | ४ | |
| २० | सरस्वतीप्रा.वि | १ | 36 | 68 | 2 | 2 | 1 | | ४ | |
| २१ | मैनहियमा.वि | ८ | 117 | 209 | 6 | | | २ | ६ | २ |
| २२ | नवदुर्गाप्रा.वि | ३ | 71 | 97 | 3 | १ | | | ६ | |
| २३ | कोटहीनिमावि | ७ | 87 | 140 | 4 | | | २ | ५ | २ |
| २४ | गणसारीमा.वि | ७ | 71 | 131 | 4 | | | २ | ५ | २ |
| २५ | भगदरीप्रावि | ० | 69 | 125 | 4 | २ | २ | | ४ | |
| | जम्मादरवन्दी | १२३ | १७४९ | ३३१५ | ९५ | २२ | ८ | २२ | १३१ | २२ |

**निर्णय न ३ :** तपसिलका विद्यालयको विद्यार्थी शिक्षक अनुपातको आधारमा दरवन्दी बढी भएको प्रावि तहको दरवन्दी पुलमा राख्ने र क्रमस दरवन्दी समायोजन गरी कटौती सियारी गाउँपालिकामा रहेका २२ पुल दरवन्दीलाइ निम्न विद्यालयमा मिलान गर्दै जाने अथवा शिक्षक पठाउने निर्णय गरियो ।

१ जनज्योति आविमा१ पुल दरवन्दी। कायम दरवन्दी ५। १पुलदरवन्दी ज्ञानोदय प्राविमा पठाउने।

२ मैनहिया माविमा २ पुल दरवन्दी । कायमदरवन्दी ६। २ पुलदरवन्दी दुर्गादेवी माविमा पठाउने ।

३ सिध्दार्थ माविमा२पुलदरवन्दी। कायमदरवन्दी ४। २ दरवन्दी सरस्वती आविमा पठाउने ।

४ छपिया आविमा१पुलदरवन्दी । कायम दरवन्दी ७। १पुल दरवन्दी वालकल्याण प्राविमा पठाउने ।

५ समयमाइ माविमा१पुलदरवन्दी। कायम दरवन्दी ५। १ पुल दरवन्दी रामजानकी प्राविमा पठाउने ।

६ जनतामाविमा ४ पुल दरवन्दी। कायम दरवन्दी ५। ४ पुलदरवन्दीत्रिवेणीआविमापठाउने।

७ जनता आविमा२ पुलदरवन्दी। कायमदरवन्दी ५ । पुल २ दरवन्दीलाइ क्रमस१ जनज्योति प्रावि सोनारेत र १ नवदुर्गा प्राविमा पठाउने।

८ चिल्हिया माविमा२पुलदरवन्दी।कायम दरवन्दी ५। २ पुलदरवन्दी आकाश रवि प्राविमा पठाउने।

९ वीरेन्द्र माविमा३पुलदरवन्दी। कायम दरवन्दी५। ३ दरवन्दी पव्लिक माविमा पठाउने ।

१० कोटहीआविमा२पुलदरवन्दी।कायमदरवन्दी५। २ दरवन्दीभगदरी प्राविमा पठाउने ।

११ गणसारी माविमा २ पुल दरवन्दी । कायम दरवन्दी ५। २ पुल दरवन्दीलाइ क्रमस १आकाश रवि प्रावि र १ पव्लिक माविमा कायम गर्ने । यसरी जम्मा सियारी गाउँपालिका भित्र कायमहुने पुलदरवन्दी सङ्ख्या २२ र पदस्थापना हुने दरवन्दी २२।

**निर्णय न ४** : दरवन्दी मिलानको क्रममा सङ्घिय सरकारवाट प्राप्त हुने प्राथमिक तहको ८ दरवन्दीलाइ निम्नानुसार मिलान गरिनेछ ।

१ दुर्गादेवी माविलाइ २ दरवन्दी

२ पव्लिक मावि लाइ २ दरवन्दी

३ सरस्वती आविलाइ १ दरवन्दी र

४ आकाशरवी प्राविलाइ १ दरवन्दी वितरण गर्ने

**मावि तह**

**निर्णयन ५:** सियारी गाउँपालिकामा निमातहमा मौजुदा स्थायी ११ र राहत १२ गरि २३ दरवन्दीमा शिक्षकहरु कार्यरत रहेको अवस्थाछ । कुनै पनि विद्यालयको दरवन्दी पुलमा नरहेको र निमा तहको ५७ वटा दरवन्दी सङ्घिय सरकारवाट थपिने दरवन्दीहरु रहेको।

**निर्णयन ६:** मौजुदा दरवन्दीमा कार्यरत शिक्षकहरुको सङ्ख्यात्मक विवरण यसैसाथ सम्लग्नछ । सङ्घिय सरकारवाट थप्नु दरवन्दी ५७ देखिएको भनी पत्राचार भएको र मौजुदा दरवन्दी २३ गरी आवश्यक देखिएको जम्मा ८० दरवन्दी कायम गरी मिलान गर्ने। दरवन्दी मिलान वितरण यस प्रकार गर्ने निर्णय गरियो।

| क्र.सं. | विद्यालयको नाम | निमातहमामौजुदादरवन्दी | | | | सघिय सरकारले थपगरेको दरवन्दी अनुसार न्यूनतम कायम हुनुपर्ने दरवन्दी आधारभूत तहको कक्षा ६– ८ | निमावितहकक्षा ६_८ मा थप गर्नुपर्ने शिक्षक सख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | जम्मा | | पुलवाट थप्ने | सघिय सरकारवाट थपिने |
| १ | दुर्गादेवीनि.मा.वि | | | | ० | ५ | | ५ |
| २ | पब्लिक .मा.वि | ४ | | | ४ | ८ | | ४ |
| ३ | त्रिवेणीआवि | | | १ | १ | ७ | | ६ |
| ४ | जनतामा.वि | ४ | | | ४ | ४ | | ० |
| ५ | जनताआ.वि. | | | | ० | ४ | | ४ |
| ६ | गणसारीमा.वि | | | | ० | ४ | | ४ |
| ७ | चिल्हियामा.वि | १ | | २ | ३ | ५ | | २ |
| ८ | कोटहीनिमावि | | | | ० | ४ | | ४ |
| ९ | छपियानि.मा.वि | | | | ० | ४ | | ४ |
| १० | सिद्धार्थमा.वि | | | ३ | ३ | ४ | | १ |
| ११ | विरेन्द्रमा.वि | २ | | १ | ३ | ७ | | ४ |
| १२ | जनज्योतिनि.मवि | | | | ० | ४ | | ४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | मैनहिय.मा.वि | | | ३ | ३ | ७ | | ४ |
| १४ | समयमाईमा.वि | | | २ | २ | ५ | | ३ |
| १५ | जंगहत्थामा.वि | | | | ० | ४ | | ४ |
| १६ | विवेकशिलनिमावि | | | | ० | ४ | | ४ |
| | जम्मादरवन्दी | ११ | 0 | १२ | 23 | ८० | | ५७ |

१) **माध्यमिक तह निर्णय न ७**: सियारी गाउँपालिकामा मावि तहमा कुनै पनि दरवन्दी पुलमा नरहेकोले शिक्षा तथा मानवस्रोत विकासकेन्द्र शिक्षक व्यवस्थापन समन्वय शाखाको पस२०७६/७७शिव्या च.न.१८९मिति २०७६/११/१२को पत्रवाट मावितहमा मौजुदा कक्षा (९–१०)मा २४ र कक्षा११–१२मा राहत१० भनी तोकि आएको र कक्षा ९–१० मा आवश्यक दरवन्दी ६० भनी उल्लेख भइ आएकाले सियारी गाउँपालिका मा थप हुने दरवन्दीको सङ्ख्या ३६ रहेको अवस्था हो। यसको मिलान यसप्रकार गर्ने निर्णय गरियो।

| क्रस | विद्यालयको नाम | माविदर वन्दी | | उमाविदरवन्दी | | | मौजुदामावि९–१२तहमाजम्मादर वन्दीविवरण | | सघियसरकारले थप पश्चात आवश्यक कायम हुने दरवन्दीमा वि कक्षा ९– १० | मावितह कक्षा९ – १०मा थप गर्नुपर्ने दरवन्दी सख्या | मावितहकक्षा९ – १०माथपगर्नुपर्नेशिक्षक सख्या | | उमावितहमा कायमहुनुपर्नेद रवन्दीसख्या | दरवन्दीमिलान पश्चातकक्षा९ –१२मा कायम हुने दरवन्दी विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | अस्थायी | राहत | जम्मा | स्थायी | राहत | | | | पुलमारहेनदरवन्दी | सघिय सरकारवाट थपिने | | |
| १ | पब्लि .मा.वि | ५ | | | ५ | | ३ | ८ | ११ | ६ | | ६ | ३ | १४ |
| २ | जनतामा.वि | ५ | | | ५ | | २ | ७ | १० | ५ | | ५ | २ | १२ |
| ३ | गणसारीमा. वि | | | १ | १ | | | १ | ५ | ४ | | ४ | | ५ |
| ४ | चिल्हियाउमा .वि | | १ | ३ | ४ | | २ | ६ | ६ | २ | | २ | २ | ९ |
| ५ | सिद्धार्थउमा. वि | १ | | | १ | | १ | २ | ६ | ५ | | ५ | १ | ६ |
| ६ | विरेन्द्रमा.वि | | १ | २ | ३ | | | ३ | ६ | ३ | | ३ | | ९ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | मैनहियाउ.मा .वि | | १ | ३ | ४ | | 2 | ६ | ७ | ३ | | ३ | २ | १० |
| ८ | समयमाईमा. वि | | | १ | १ | | | १ | ५ | ४ | | ४ | | ५ |
| ९ | जगहत्थामावि | | | | 0 | | | ० | ३ | ३ | | ३ | | ३ |
| १० | दुर्गादेवीमावि | | | | | | | ० | १ | १ | | १ | | १ |
| | जम्मा दरवन्दी | ११ | ३ | १० | २४ | | १० | ३४ | ६० | ३६ | | ३६ | १० | ७० |

## 4.2 विदयालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

जम्मा वजेट रु ४५ लाख /- खर्च ४४ लाख ८६ हजार वित्तीय प्रगति :९९

| नेपाल सरकार सशर्त अनुदान तर्फ सियारी गाउँपालिका रुपन्देहीवाट आव २०८२/८३मा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान रकम निकासा विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | विद्यालयको नाम | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसंपादनमा आधारीत प्रोत्साहन अनुदान | | | | |
| | | विपतका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना REAL कार्यान्वयन | शिक्षक दरबन्दी प्राप्त नगरेका विद्यालय लाइ एकमुष्ठ अनुदान | विद्यालयमा भर्चुअल शिक्षण इलर्निङ पुस्तकालय विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापन योजना कार्यान्वयनका लागि कार्यसंपादनमा आधारित अनुदान | जम्मा निकासा रकम |
| | छपिया आवि | 19688 | | | | 19688 |
| | चिल्हिया मावि | 22256 | | | | 22256 |
| | मैनहिया मावि | 32849 | | | | 32849 |
| | वीरेन्द्र मावि | 19581 | | | | 19581 |
| | जनता मावि | 25466 | | | | 25466 |
| | जंगहत्था मावि | 13482 | | 989974 | | 1003456 |
| | गणसारी मावि | 18404 | | | | 18404 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पब्लिक मावि | 83888 | | | 2000000 | 2083888 |
| | सिद्धार्थ मावि | 15622 | | | | 15622 |
| | जनज्योती आवि | 8667 | | | | 8667 |
| | जनता आवि | 11663 | | | | 11663 |
| | दुर्गादेवी मावि | 27285 | | | | 27285 |
| | बालकल्याण प्रावि | 6313 | | | | 6313 |
| | सिद्द मावि | 1712 | | | | 1712 |
| | समयमाइ मावि | 16371 | | | | 16371 |
| | रामजानकी प्रावि | 2996 | | | | 2996 |
| | ज्ञानोदय आवि | 8881 | | | | 8881 |
| | कोटही आवि | 12626 | | | | 12626 |
| | नवदुर्गा प्रावि | 6527 | | | | 6527 |
| | जनज्योती प्रावि | 3638 | | | | 3638 |
| | मदरसा प्रसौनी | 4066 | | | | 4066 |
| | त्रिबेणी आवि | 19688 | | | | 19688 |
| | विवेकशील आवि | 10165 | | | | 10165 |
| | मदरसा वोहरवा | 4601 | | | | 4601 |
| | आकाशरवी प्रावि | 6848 | | | | 6848 |
| | मदरसा मैनहीया | 2675 | | | | 2675 |
| | भगदरी प्रावि | 3424 | 1000000 | | | 1003424 |
| | सरस्वती आवि | 7062 | | | | 7062 |
| | अभिमुखिकरण | 79975 | | | | 79975 |
| | | 496419 | 1000000 | 989974 | 2000000 | 4486393 |

## ४.३ शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान कार्यान्वयनको अवस्था

सियारी गाउँपालिका -२ भगदरी मा सञ्चालित श्री भगदरी प्राथमिक विद्यालयमा एकमुष्ठ अनुदानबाट संचालित विद्यालय हो जहाँ कुनै पनि शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त छैन। सो अनुदानबाट विद्यालयमा शिक्षकहरुको व्यवस्थापन गरि कक्षा वालविकास देखि ५ सम्म पठनपाठन भै रहेको अवस्था छ। विद्यालय व्यवस्थापन समिति र गाउँपालिका शिक्षा शाखा वीच मिति २०८२/०८/२१मा सम्झौता भए वमोजिम विद्यालयले पेश गरेको कार्योजनाका आधारमा विद्यालयको माग वमोजिम विभिन्न चरणमा रु १० लाख रुपैया निकासा गरिएको छ। विद्यालय व्यवस्थापन

समितिको निर्णयअनुसार खर्च हुने गरेको। विद्यालयले सामाजिक परीक्षण ,अन्तिम लेखा परिक्षण र शिक्षकको तलव भत्ता स्केल र विद्यार्थी विवरण यस प्रकार रहेको छ।

| एकमुष्ठ अनुदानमा सञ्चालित विद्यालय | शिक्षक विवरण | तलब स्केल | महिना | बिद्यार्थी संख्या २०८२ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालविकास कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| भगदरी प्राथमिक विद्यालय,सियारी-२ | रमेश यादव | २०२००/- | १३ | **१३** | **१६** | **०९** | **११** | **१०** | **११** |
| | पुनम जयसवाल | २२००० /- | १३ | | | | | | |
| | विन्दु यादव | १००००/- | १३ | | | | | | |
| | प्रतिमा यादव | ९०००/- | १३ | | | | | | |

### ४.४ विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरु

- विद्यार्थी सत्यापन गरेर मात्र निकासा दिने गरिएको।
- इमिस अनलाइनमा आधारित भएर मात्र शिक्षक तलव भत्ता, दिवा खाजा ,आवासिय तथा गैरआवासिय छात्रवृत्तीआदि निकासा गर्ने गरिएको।
- विपन्न लक्ष्यित कक्षा ६-१२को छात्रवृत्तीको रकम सिधै लक्ष्यित वालवालिकाको खातामा निकासा।
- सुझाव पेटिकाको व्यवस्था ।
- गुनासो तथा सुचना अधिकारीको व्यवस्था
- नियमित मासिक प्र.अ. वैठक ।
- शिक्षा समिति परीक्षा समिति वैठक मार्फत भएका निर्णयहरुलाइ कार्यान्वयनको व्यवस्था।
- इ-हाजिरीको व्यवस्था।
- मिनुको आधारमा दिवा खाजा वितरण।
- पालिकास्तरमा त्रैमासिक समीक्षा।
- चैमासिक रुपमा सार्वजनिक सुनवाइ मार्फत गुनासो सम्वोधन
- पालिकास्तरिय वार्षिक शैक्षिक कार्यपात्रोको व्यवस्था।
- सामाजिक परीक्षण तथा अन्तिमलेखा परीक्षण
- वेला वेलामा अनुगमन र वैठक।
- शैक्षिक दर्पण र शैक्षिक वार्षिक स्थिति प्रतिवेदन गाउँपालिकाको वयभसाइटमा प्रकाशन गर्ने गरिएको।
- शिक्षक नियुक्ती सुचना पनि गाउँपालिकाको वयभसाइटमा प्रकाशन गर्ने गरिएको।
- विद्यालयहरुमा जाने निकासाको पत्र प्रिन्सिपलहरुको मेसेन्जर ग्रुपमा सम्प्रेषण गर्ने गरिएको।

## ४.५ स्थानीय साझेदारीमा विद्यालय भवन अनुदान

नेपाल सरकार शसर्तको कूल वजेट रु ५५लाख । खर्च रु ५५ लाख । गाउँपालिको साझेदारी रु १०लाख। आ.व. २०८२/८३ मा वीरेन्द्र मा.वि. सियारी ५ लाई प्रदान गरि कार्य सम्पन भएको अवस्था हो। आ.व. २०७४/७५ देखि आ.व. २०८१/८२ सम्म सियारी गाउँपालिकावाट वितरण गरिएका पुस्तकालय, आइसिटी ल्याव, विज्ञान प्रयोगशाला , रेष्ट्रोफिटिंग २कोठे भवन, २ कोठे भवन ,४ कोठे भवन र वास सहितको शौचालयको विवरण यसै साथ सैलग्न छ।

| आ.व | २ कोठे भवन | ४ कोठे भवन | वास सहितको शौचालय | पुस्तकालय | आइ.सि.टि ल्याब | बिज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | जंगहत्था मा.वि | गणसारी मा.वि बहुबर्षे भवनको | विरेन्द्र मा.वि र मैनहिया मा.वि | | समयमाइ मावि | | |
| २०७५/७६ | पब्लिक मा.वि | | सिध्दार्थ मा.वि र छपिया आ.वि | | सिध्दार्थ मावि | समयमाइ मावि | |
| २०७६/७७ | | जनता आ.वि | | | | | |
| २०७७/७८ | | | | | जनता आवि | वीरेन्द्र मावि | |
| २०७८/७९ | | | | त्रिवेणी आवि | भगदरी आवि | दुर्गादेवी मावि | |
| २०७९/८० | | | | | दुरुगादेवी मावि | गणसारी मावि | |
| २०८०/८१ | | | | समयमाइ मावि | | त्रिवेणी आवि | |
| २०८१/८२ | | जनता मावि अमवा | | | चिल्हिया मावि | | |
| २०८२/८३ | | वीरेन्द्र मावि सियारी ५ | | | | जंगहत्था मावि सियारी ३ | |

## ४.६ विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab.पुस्तकालय तथा इन्टरनेट सुविधा अवस्था

**सामुदायिक माध्यमिक विद्यालयमा गणित,विज्ञानप्रयोगशाला र शैक्षिकसामग्री निर्माणप्रयोगको अवस्था**

| सिन | इमिस कोड न | विद्यालयको नाम ठेगाना | सञ्चालित कक्षा | पुस्तकालय | | | विज्ञानप्रयोग शाला | | आइसिटी | | गणितप्रयोगशाला | | प्राथमिक उपचार सामग्री | | सङ्गित तथा खेलकूद सामग्री विकास र सङ्कलन कक्ष | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | छैन | थप्रे सख्या | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | |
| १ | 490030004 | दुर्गादेवीमावि | ०-१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| २ | 490030003 | समइमाइ मावि | ०-१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ३ | 490180005 | वीरेन्द्र मावि | ०-१० | √ | | नपुग | √ | नपुग | √ | | | √ | | √ | | √ | |
| ४ | 490280001 | जंगहत्था मावि | ०-१० | √ | | नपुग | √ | | √ | | | √ | | √ | | √ | |
| ५ | 490410004 | गणसारी मावि | ०-१० | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ६ | 490030005 | जनता मावि | ०-१२ | √ | | | √ | | √ | | | √ | | √ | | √ | |
| ७ | 490030002 | सिद्धार्थ मावि | ०-१२ | √ | | नपुग | √ | | √ | | √ | | | √ | | √ | |
| ८ | 490170001 | चिल्हीया मावि | ०-१२ | √ | | नपुग | | √ | √ | | | √ | | √ | | √ | |
| ९ | 490180007 | पव्लिक मावि | ०-१२ | √ | | नपुग | √ | | √ | | | √ | √ | | | √ | |
| १० | 490410001 | मैनहिया मावि | ०-१२ | √ | | नपुग | √ | | √ | | | √ | √ | | | √ | |
| | जम्मा आवश्यकता | | | | | ६ | | १ | | | | ९ | | ८ | | १० | |

## ४.७ विद्यालय सूपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति

विद्यालयमा निकासा हुने अनुदानहरुलाई तथ्यांक सत्यापन गरेर मात्र दिनु पर्ने निर्देशन भएको हुदाँ विद्यालयहरुको अनुगमन गरेर वास्तविक संख्याका आधारमा निकासा गरिने गरेको। समग्रमा भएका कामको स्थिति यस प्रकार रहेका छन्।

१ विद्यालय भौतिक पूर्वाधार निर्माणको क्रममा अनुगमन समितिवाट अनुगमन गरि लागत प्रभावकारी हुने गरिकाले कार्यसम्पन्न गर्न सुझावहरु प्रदान गरिएको ।

२ प्र.अ.को शैक्षिक तथा प्रशासनिक नेतृत्व विकासका लागि प्र.अ. वैठक मार्फत सल्लाह, सुझाव ,परामर्श प्रदान गर्ने गरिएको।

३ शिक्षकहरुको क्षमता विकासका लागि पाठ्यक्रम तालिम कार्यक्रम आयोजना गरिएको ।

४ समग्र विद्यालयको शैक्षिक, आर्थिक ,भौतिक तथा जनसक्ति व्यवस्थापनसँग सम्वन्धित  अभिलेख व्यवस्थापनका सन्दर्भमा र  आइ.इ.एम.आइ.एस.को प्रभावकारी प्रयोग सम्वन्धमा  अभिमुखिकरण तथा तालिम  प्रदान  गरिएको।

५ शिक्षकको कक्षा शिक्षणकै क्रममा कक्षा अवलोकन तथा सुपरिवेक्षण गरेर वालवालिकाको सिकाइ सुधारको लागि वस्तुगत पृष्ठपोषण प्रदान गरिएको ।

६ विद्यालय स्वास्थ्य कार्यक्रम दिवा खाजा विद्यालय सरसफाइ आदि सम्वन्धमा सघन अनुगमन गरि रचनात्मक सहयोग प्रदान गरिएको । आदि

### ४.८ वालविकास केन्द्रको अवस्था

विद्यालयमा आधारित ४५ र समुदायमा आधारित १० गरि जम्मा ५५ वालविकास केन्द्रहरु रहेका छन् । संघिय सरकारबाट प्राप्त अस्थायी दरबन्दीका सहजकर्ताहरु,  संघिय सरकारको मासिक रु १००००/- र स्थानिय तहबाट थप मासिक रु ७०००/- गरी जम्मा मासिक रु १७०००/- का दरले पारीश्रमिक निकासा गर्ने  व्यवस्था गरिएको छ  । त्यस्तै गरि विद्यालय कार्यालय सहायकलाई संघिय सरकारको रु १३५००/-  र पालिकावाट रु ७०००। गरी मासिक  रु२०५००/- का दरले १३ महिनाको १०जनालाई  तथा कार्यालय सहयोगी संघिय सरकारको मासिक रु ८०००/- र स्थानिय बाट थप मासिक रु ७०००/- गरी जम्मा मासिक रु १५०००/- का दरले  १३ महिनाको २५जनालाई पारीश्रमिक पाउने गरि व्यवस्थापन गरिएकोछ  । वालविकास केन्द्रहरुको नक्सांकन नभएको र गाँउपालिकाले आफ्नै स्रोतबाट वालविकास केन्द्र सञ्चालन गरेको छैन।  यसमा गाँउपालिकाले थप पारीश्रमिकमा  करिव ७९लाख  ३१हजार रुपेया खर्च गरिएको छ । समुदायमा रहेका १० वालविकास केन्दहरुमा वसाई व्यवस्थापन, टि.भि.को व्यवस्था,वालविकास केन्द्रमा माटो पटान, खाजा वनाउने कुकको पनि व्यवस्था मिलाइएको छ । ८ जना कुकहरुको लागि मासिकरु ६०००/का दरले १३ महिनाको रु ७ लाख २ हजार रुपैया गाउँपालिकाको आन्तरिक स्रोतवाट व्यवस्थापन गरिएको छ ।

### ४.९  विद्यालय सुधार योजना निर्माण सामाजिक परीक्षणको अवस्था

५ वर्षे विद्यालय सुधार योजना सवै विद्यालयहरुको वनेको तर  शिक्षकहरु र विद्यालय व्यवस्थापन समितिहरुको लागि योजना निर्माणको लागि  क्षमता विकासको आवश्यकता रहेको । सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षणको काम सवै विद्यालयहरुमा भै सकेको अवस्था छ ।

### ४.१०  विपतका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना ReAL  कार्यान्वयन

नेपाल सरकार सशर्त अनुदान तर्फ आ.व २०८२/८३ को सियारी गाउँपालिकाको बार्षिक बजेट पुस्तिकाको पेज नं. ९४ र ९६ को सि.न २९ र ४४ मा विपतका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना ReAL  कार्यान्वयन कार्यक्रम शिर्षकरमा रु ५०००००/ चार लाख रुपैया विनियोजन भएकोले  मिति २०८२/०९/०७ र ०८ गते सियारी गाउँपालिकाको तालिम हलमा दुइ दिवसिय अभिमुखिकरण कार्यक्रम विद्यालयका प्रअ र लेखा सहायक गरी जम्मा ३९ जनाको लागि तालम सञ्चालन गरिएको र विद्यालयमा निकासा समेत गर्दा रु ४९६४१९/-  खर्च भै ९९प्रतिशत प्रगति भएको छ ।

| क्रस | कूल वजेट | खर्च शीर्षक | |
|---|---|---|---|
| | ५००००० | दुइ दिने अभिमुखिकरण तालिम सञ्चालन खर्च | ७९९७५ /- |
| | | प्रति विद्यार्थी रु १०७/का दरले ३८९२ विद्यार्थीको लागि २५ सामुदायिक विद्यालय र ३ मदरसा गरि २८ विद्यालयमा रकम निकासा गरिएको । | ४१६४४४/- |
| | | जम्मा खर्च | ४९६४१९/- |

सियारी गाउँपालिकाको अनलाइन इ.मि.स.मा सवै सामुदायिक र धार्मिक विद्यालयहरुले वेसलाइन डेटा र इन्ड लाइन डेटा इन्ट्रि गर्ने काम सम्पन्न गरेको देखिन्छ। सवै विद्यालयले काम गरे नगरेको सियारी गाउँपालिका शिक्षा शाखाले अनलाइनवाट अनुगमन समेत गरिएको थियो।

## ४.११ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परिक्षण मुल्याङ्कन शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण

**क : विद्यालय भौतिक सर्वेक्षण** . लागत अनुमान रु३३ ६००-/ खर्च :रु २४८२४-/

सामुदायिक तथा सार्वजनिक विद्यालयमा निर्माण गर्नुपर्ने भौतिक संरचनाको पहिचान गरि तिनको पूर्वाधार विकास मर्मत सम्भार तथा उपयोगको लागि आवश्यक व्यवस्था गर्न विद्यालयको पुर्वाधार विकास तथा व्यवस्थापनमा एकरुपता कायम गरि मुलुकका विद्यालयहरुको भौतिक संरचनालाइ शिक्षण सिकाइ मैत्री बनाइ शैक्षिक उपलब्धी हासिल गर्न तथा सबै स्थानीय तहका सामुदायिक विद्यालयको यथार्थ बस्तुस्थिती तथा थप आवश्यकता समेत पहिचान गर्नको लागि शिक्षा तथा मानव स्रोत बिकास केन्द्रले विद्यालय भौतिक पूर्वाधार निर्माण गुरुयोजना तयार गर्न उच्च स्तरीय कार्यदल गठन भइ कार्य प्रारम्भ भएको र उक्त गूरुयोजना निर्माणको लागि आवश्यक पर्ने सबै सामुदायकि विद्यालयको भौतिक अवस्थाको यथार्थ विवरण विद्यालयको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा मिति २०८२/०४/२५ गतेभित्र अद्यावधिक गरिसक्नुपर्ने शिक्षा तथा मानवस्रोत विकास केन्द्र विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको मिति २०८२/०४/१५ गते च.नं. २९ को पत्रबाट निर्देशन भएको अवस्थामा सियारी गाउँपालिका अन्तर्गतका २५ सामुदायिक र ३ धार्मीक गरि जम्मा २८ विद्यालयका इमिस फोकल शिक्षकका लागि सो विषयमा अभिमुखिकरण गर्नुपर्ने देखिएकोले चालु आ.व २०८२/८३ को शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ को विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम अन्तरगत क्रियाकलाप नं २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण कार्यक्रम शिर्षक अन्तर्गत स्थानिय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन शिर्षकमा प्रति विद्यालय रु १२००/बाह्र सय का दरले बजेट विनियोजन भएकोले सबै सामुदायिक विद्यालयको भौतिक अवस्थाको यथार्थ विवरण विद्यालयको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा अद्यावधिक गर्नका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रमका उद्देश्यहरु तपसिल अनुसार रहेका थिए :-

- विद्यालयको भौतिक विवरणको अवस्था एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालिमा प्रविष्ट गर्नु।
- विद्यालयको भौतिक पुर्वाधार आवश्यकतालाइ एकिकृत शैक्षिक सूचना प्रणालिमार्फत माग गर्नु।

- भौतिक निर्माण गुरुयोजना निर्माणको लागि यथार्थ तथ्याङ्क उपलब्ध गराउनु ।
- स्थानीय तहको योजना निर्माण र प्राथमिकता निर्धारणमा समेत सो विवरण प्रयोग हुनु ।

**कार्यक्रम संचालन**

२०८२/०४/२२ गते विहिवार विहान १०.०० बजे देखि साझ ४.०० बजे सम्म सियारी गा.पा. को तालिम हलमा कार्यक्रम संचालन गरिएको ।

**सहभागिता**

सियारी गाउँपालिकाका सबै धार्मिक र सामुदायिक विद्यालय गरी जम्मा २८ विद्यालयका इमिस फोकल शिक्षक सहभागी गराइ कार्यक्रम सम्पन्न गरिएको ।

**अपेक्षित उपलब्धी**

- विद्यालयका सम्पुर्ण भौतिक तथ्याङ्कहरुको संकलन प्रतिबेदन तयारी तथा प्रकाशन गर्न सहज भएको ।
- तथ्याङ्क प्रबिष्टिको क्रममा हुने ERROR कम भएको ।
- सियारी गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षकहरुको डिजिटल डाटाबेस तथा अभिलेखको व्यवस्थापन गर्न सहज भएको ।
- केन्द्रमा विद्यालय भौतिक निर्माण गूरुयोजना तयारीको लागि सहजिकरण भएको ।
- विद्यालयका भौतिक आवश्यकताको विवरण समेत प्रविष्ट गर्ने हुनाले माग सम्बोधन हुनेछ।

खर्च विवरण

| मिति २०८२।०४।२२ गते विद्यालयको भौतिक पूर्वाधार र सर्वेक्षण अभिमुखिकरण शैक्षिक व्यवस्थापन कार्यक्रमको खर्च विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | खर्च शिर्षक | जम्मा रकम | करकट्टी १५% | करकट्टी१.५% | खुद भुक्तानी रकम |
| १ | सहभागी भत्ता | १४००० | | | १४००० |
| २ | प्रशिक्षक संयोजक सहयोगी प्रतिबेदक | ३००० | ४५० | | २५५० |
| ३ | खाजा | ५६०० | | ८४ | ५५१६ |
| ४ | स्टेसनरी | २८०० | | ४२ | २७५८ |
| ५ | जम्मा खर्च | २५४०० | ४५० | १२६ | २४८२४ |

**ख. विद्यार्थी परिक्षण मुल्याङ्कन: खर्च गर्न मिल्ने तथा लागत अनुमान: रु १८३७००/-** खर्च : रु १८३५७३/-

शैक्षिक २०८२ सालको कक्षा ८ को गाउँपालिकास्तरीय परीक्षामा ६६८ जना सम्मिलित संख्या सामुदायिक विद्यालयको मात्र । नेपाल सरकार सशर्त तर्फको खर्च हुने रकम = ६६८*२७५ =रु १लाख ८३ हजार ७सय रुपैया मात्र । कक्षा ५ र ८को लागि सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट रु ५१२२१२/- खर्च भएको थियो । शैक्षिक सत्र २०८२मा कक्षा ८ को परीक्षामा सहभागी हुने सामुदायिक तथा संस्थागत विद्यालय गरि जम्मा २६ विद्यालयका ९१७ परीक्षार्थीलाई ५ वटा परीक्षा केन्द्रमा व्यवस्थापन गरि परिक्षा सञ्चालन गरि नतिजा प्रकाशन गरिएको । त्यसै गरि कक्षा ५ को लागि २७

सामुदायिक विद्यालयका ७०६ विद्यार्थीहरुलाई ७ वटा परीक्षा केन्द्रमा व्यवस्थापन गरि नतिजा प्रकाशन गरिएको। मिति २०८३जेठ ७ गते प्र.अ.,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विषयगत शिक्षकहरुलाई राखी नतिजा सुधारको लागि पहल भएको।

| | |
|---|---|
| प्रश्नपत्र निर्माण कार्यशाला र संघिय सशर्त अनुदानबाट जम्मा खर्च | रु १८३५७३ |
| आन्तरिक स्रोतवाट गाउँपालिकास्तरीय परीक्षा सञ्चालन खर्च ८ र ५ दुवैमा | रु ५१२२१२ |
| गाउँपालिका स्तरीय बार्षिक परीक्षा सञ्चालनमा जम्मा खर्च | रु ६९५७८५ |









**ग. शिक्षक मेन्टरिङ् तथा विद्यालय सुपरिबेक्षण लागत अनुमान खर्च रु ६९९५०/-**

नेपाल सरकार शसर्त तर्फ यस आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अनुसार क्रियाकलाप नं.२.७.१३.३०२मा शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्यांकन शिक्षक मेन्टरिंग तथा विद्यालय सुपरिवेक्षण (शिर्षकमा रु १०४७०००/- दशलाख सतचालिस हजार ) को उपक्रियाकलाप १४.३ मा विद्यालय सुपरिवेक्षण तथा शिक्षक निरन्तर

पेशागत सहयोग तथा मेन्टरिङ पध्दतिको कार्यान्वयनको लागि वजेट विनियोजन भै आएकोमा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ वमोजिम कार्यक्रम समावेश गरिएका पालिकाहरु मध्ये सियारी गाउँपालिकाको पनि नाम सुनिश्चित भएको। सियारी गाउँपालिकाको लागि १ जना मेन्टर र ७ जना मेन्टिहरु रहेको। शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च. नं १०८ मिति २०८२/०५/०५गते को प्राप्त पत्रानुसार मेन्टर र मेन्टीहरुको विवरण माग भएकोमा यस कार्यालयको च. नं. ३१२ मिति २०८२.०५.०९गते विवरण पठाइएको। शिक्षक मेन्टिङ कार्यान्यिन कार्यविधि २०८० अनुसूची ८ वमोजिम सुचिकृत भएका रोष्टरहरु मध्येवाट एक जनालाइ मेन्टरको कार्य गर्ने गरि जिम्मेवारी तोकि परिचालन गर्ने उल्लेख भएको हुदाँ रोष्टर शिक्षक श्री पव्लिक माविका शिक्षक श्री डिलाराम खनाललाइ तोकी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा विवरण सम्प्रेषण गरिएको ।

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ पाना न. ५३ मा उल्लेखित आधारमा अधिकतम रु ५००००/- रकम व्यवस्था गर्ने भनिएको हुदाँ निज मेन्टरले मिति२०८२/०८/१४ मा प्रस्ताव पेश गरि मिति २०८२/०८/१४ मा सियारी गाउँपालिका प्रथम पक्ष र रोष्टर प्रशिक्षक श्री डिलाराम खनाल दोस्रो पक्ष विच सम्झौता भई सम्झौता वमोजिम शिक्षक मेन्टरिङको कार्य मिति २०८३/०३/०१ मा सम्पन्न भएको हुदाँ मेटर डिलाराम खनाललाई प्रतिवेदन, सम्झौता, सम्पर्क वैठक आदिको आधारमा रु५००००/- भुक्तानी गरिएको।

सियारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति २०८२/०८/२१ को स्वीकृत अनुगमन योजना वमोजिम विज्ञ समूह गठन भएको। साथै मेन्टर , शिक्षा शाखा विज्ञसमूह र शिक्षा विकास तथा समन्वय इकाइवाट खटिएका अधिकृतवाट शिक्षकहरुको पेशागत सहायत र विज्ञ सहायता प्रदान गरी उक्त शिर्षकमा रु १९९५०/- गरी जम्मा रु २लाख९५हजार रुपैयाको लागत अनुमान तयार गरिएकोमा मेन्टर र पेशागत विकासमा रु ६९५५०/- उन्सत्तरी हजार ननौसय पचास रुपैया खर्च भएको ।

**मेन्टर र मेन्टहरुको विवरण**

| | | | |
|---|---|---|---|
| डिलाराम खनाल मावि तह तृतीय श्रेणी | पव्लिक मा.वि. | सियारी ४ कृष्णपुर | मेन्टर |
| लक्ष्मी के.सी. निमा तह तृतीय श्रेणी सामाजिक विषय | जनता मा.वि. | सियारी ७ अमवा | मेन्टि |
| सुवाश बनियाँ प्राथमिक तह तृतीय श्रेणी | दुर्गादेवी मा.वि. | सियारी ६ वर्दहवा | मेन्टि |
| राधा गिरी प्राथमिक तह तृतीय श्रेणी | समयमाइ मा.वि. | सियारी ७ कनरी | मेन्टि |
| शोभा पन्थी प्राथमिक तह तृतीय श्रेणी | जंगहत्था मा.वि. | सियारी ३ हर्नैया | मेन्टि |
| शान्ती गौडेल प्राथमिक तह तृतीय श्रेणी | मैनहिया मा.वि. | सियारी २ मैनहिया | मेन्टि |

**घ . एकिकृत पाठ्यक्रम सम्बन्धी ४ दिने कस्टमाइज्ड तालिम:**

लागत अनुमान - रु२ लाख ६० हजार , खर्च - रु २लाख २४ हजार , वित्तीय प्रगति: ८६

**१. पृष्ठभूमि तथा संक्षिप्त परिचय**

सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कक्षा १-३ मा लागू गरिएको एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रूपमा शिक्षण सिकाउनेसँग जोड्नका लागि यस "एकिकृत पाठ्यक्रम कक्षा १-३ कष्टमाइज्ड तालिम" को आयोजना गरिएको हो। सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरूमा

कार्यरत तर हालसम्म तालिमको अवसर नपाएका शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गर्दै शिक्षण सिकाउनेतर्फ आकर्षित गर्नु यस कार्यक्रमको मुख्य ध्येय रहेको थियो।

**२. कार्यक्रमको विवरण**

**कार्यक्रमको नाम:** एकिकृत पाठ्यक्रम कक्षा १-३ कष्टमाइज्ड तालिम

**कम्पोनेन्ट नं:** २.७.१३.३०२

**खर्च शीर्षक:** शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्यांकन, शिक्षक मेन्टरिंग तथा विद्यालय सुपरिवेक्षण

**कार्यक्रम सञ्चालन अवधि:** मिति २०८३/०३/२७ गते (उद्घाटन) देखि २०८३/०३/३० गते (समापन) सम्म (४ दिने)

**स्थान:** सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सभा हल

## ३. लक्षित वर्ग र सहभागिता

यस तालिममा सियारी गाउँपालिका अन्तर्गतका सामुदायिक, धार्मिक मदरसा र संस्थागत विद्यालयमा कार्यरत र यसअघि कुनै पनि प्रकारको पाठ्यक्रम प्रबोधीकरण वा शिक्षण तालिम नपाएका शिक्षकहरूलाई विशेष प्राथमिकता दिइएको थियो।

| क्र.सं. | लक्षित समूह | सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक, धार्मिक र संस्थागत विद्यालयका शिक्षकहरू | ३२ जना | सक्रिय सहभागिता |

## ४. कार्यक्रमको उद्देश्यहरू

- ❖ प्रारम्भिक कक्षा (१-३) को एकीकृत पाठ्यक्रमको मर्म र संरचनाबारे शिक्षकहरूलाई स्पष्ट पार्नु।
- ❖ पाठ्यक्रममा आधारित रही शिक्षण सिकाउनेसँगै विद्यार्थी मूल्यांकन (निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली) लाई प्रभावकारी बनाउने सीप विकास गर्नु।
- ❖ पाठ्यपुस्तकमा शिक्षकलाइ परेका समस्या समाधान ।
- ❖ शिक्षक मेन्टरिङ र विद्यालय सुपरिवेक्षणका माध्यमबाट शैक्षिक सुशासन कायम गर्न सघाउ।

## ५. वित्तीय विवरण (बजेट तथा खर्चको अवस्था)

यस कार्यक्रमका लागि स्वीकृत बजेट र भएको यथार्थ खर्चको विवरण निम्न बमोजिम रहेको छ:

| विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|
| कुल स्वीकृत बजेट | रु. २,६०,०००/- | (अक्षरेपी: दुई लाख साठी हजार मात्र) |
| यथार्थ खर्च | रु. २,२४,७१०/- | (अक्षरेपी: दुई लाख चौबीस हजार सात सय दस मात्र) |
| बचत रकम | रु. ३५,२९०/- | |
| प्रगति प्रतिशत | ८६ | |

**खर्च रकम :** सहभागीहरूको भत्ता, खाजा/खाना, स्टेशनरी, सहजकर्ता (प्रशिक्षक) पारिश्रमिक तथा अन्य विविध व्यवस्थापकीय शीर्षकहरूमा नियमानुसार खर्च भएको छ।

## ६. कार्यक्रमका उपलब्धि तथा निष्कर्ष

- ❖ तालिमको अवसर नपाएका ३२ जना शिक्षकहरू एकीकृत पाठ्यक्रमको व्यावहारिक प्रयोग र शिक्षण विधिबारे सचेत र सक्षम भएका छन्।

- ❖ तालिम लिएको शिक्षक फोकल शिक्षक भएको हुदाँ विद्यालयमा फर्के पछि अरु शिक्षकहरुलाइ पनि तालिम सञ्चालन गर्नु पर्ने भनीएकोमा यो प्रतिवदेन तयार गर्दासम्म समयमाइ माविका शिक्षक श्री राधा गिरिज्यूले सवै शिक्षकहरुलाइ सहजिकरण गर्नु भएको छ ।
- ❖ शैक्षणिक सिपको आदान प्रदान भएको छ ।
- ❖ कक्षाकोठाभित्र विद्यार्थीको सही परीक्षण र मूल्यांकन गर्ने विधिको विकास भएको छ।
- ❖ तालिमपश्चात् विद्यालयमा मेन्टरिङ र आन्तरिक सुपरिवेक्षण प्रक्रिया सबल भई शैक्षिक सुशासनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।
- ❖ तोकिएको बजेट परिधि भित्रै रही मितव्ययी ढंगबाट कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

**४.१२ शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम : कूल वजेट २६ लाख ५० हजार खर्च २३ लाख ८५ हजार ।**

**क. अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयनको लागि रु ३५००,००/- मा खर्च रु ३४३६१०/-**

यस नेपाल सरकार सशर्त तर्फ आ.व. २०८२/८३ को क्रियाकलाप नं. २७.१३.११मा शैक्षिक पँहुच सुनिश्चित . अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत अनिवार्य तथा निशुल्क शिक्ष ा ऐन कार्यान्वयनको लागि रु ३५०रु तीन लाख पचास हजार रुपैया विनियोजन भै आएको -/०००,मा सियारी गाउँपालिकाका ४ वटा सामुदायिक सिकाइ केन्द्र र सामुदायिक विद्यालयहरु विच आपसी समन्वयमा विद्यालय वाहिर रहेका वालवालिकाहरुको घर धुरी सर्वेक्षण गरि विवरण संकलन गरि विवरण **on line Emis System** मा सामुदायिक सिकाइ केन्द्र मार्फत विवरण इन्ट्रि गरि सकिएको छ । वडागत विवरण संकलन भएको यस प्रकार रहेको छ ।

| वडा न | विद्यालय वाहिर रहेको वडागत जम्मा संख्या | विद्यालय नै नगएको संख्या | विद्यालय गएर कक्षा छाडेको संख्या | | | अपांग वालवालिका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | कक्षा १ ३- तह एक | कक्षा ४ ५- तह दुइ | कक्षा ६तह ८- तीन | | |
| **१** | **२४** | **१** | **१** | **७** | १५ | १ | |
| २ | ९२ | ४ | १० | २८ | ५० | २ | |
| ३ | ६९ | ३ | ४ | २४ | ३८ | १ | |
| ४ | ३८ | ० | १ | १६ | २१ | १ | |
| ५ | १२ | ० | ० | ३ | ९ | ० | |
| ६ | १६ | ४ | ० | २ | १० | ४ | |
| ७ | ३८ | ३ | २ | १२ | २१ | ३ | |
| जम्मा | २८९ | १५ | १८ | ९२ | १६४ | १२ | |

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले स्थानीय तहले कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई अनौपचारीक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा तयार पारिएको वैकल्पिक शिक्षाको पाठ्यक्रमको आधारमा आधारभुत तहको वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नु पर्नु व्यवस्था गरेको छ । त्यसै गरी आधारभुत तहको वैकल्पिक शिक्षालाई तह एक, तह दुई र तह तीनमा स्तरीकरण गरी विद्यालयमा भर्ना भई छाडेको बालबालिकाको हकमा निजले बिचमा छोडेको कक्षा र निजको उमेर अवस्था समेतलाई विचार गरी त्यस्तो वैकल्पिक शिक्षाको मिल्दो तहमा सहभागी गराउने समेत व्यवस्था गरेको

छ । अत ती वालवालिकाहरुलाइ निम्न विद्यालयहरु मातृ विद्यालय हुने गरि एकजना  सम्पर्क शिक्षक तोकि सामुदायिक सिकाइ केन्द्रको समन्वयमा मिति २०८३गते देखि ७ १५/०३/ वटै वडाका ७ विद्यालयहरु क्रमस चिल्हिया मावि सियारी १ ,मैनहिया मावि सियारी २, जंगहत्था मावि सियारी ३ ,पव्लिक मावि सियारी ४, वीरेन्द्र मावि सियारी ५, सिध्दार्थ मावि सियारी ५ र जनता मावि सियारी ७ लाई  अनौपचारिक तथा वैकल्पिक शिक्षाको कार्यक्रम सञ्चालनको लागि सामुदायिक सिकाइ केन्द्रवाट प्रस्ताव पेश  भइ स्वीकृत प्रस्ताव वमोजिम सामुदायिक सिकाइ केन्द्रमा रकम निकासाको गरिएको रकम रु ३४३६१०/-को विस्तृत विवरण ।

| सामुदायिक सिकाय केन्द्रको नाम | विद्यालय वाहिर रहेको सख्या | | | | अभिमु खिकरण @150 | पुस्तक @100 | कपि पेन्सल @150 | khaja @90 in one month | शिक्षक पारिश्रमिक प्रतिदिन @1000 | मसलन्द फोटोकपि प्रन्टिंग आदि @150 | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो तह | दोस्रो तह | तेस्रो तह | जम्मा संख्या | | | | | | | |
| सगरमाथा सामुदायिक सिकाइ केन्द्र | ९ | १४ | ३१ | ५४ | ८१०० | ५४०० | 8100 | 25920 | 12000 | ८१०० | ६७६२० |
| चिल्हिया सामुदायिक सिकाइ केन्द्र | 2 | 7 | 15 | २४ | ३६०० | २४०० | 3600 | 11520 | 12000 | ३६०० | ३६७२० |
| गौतमवुध्द सामुदायिक सिकाइ केन्द्र | 21 | 52 | 85 | १५८ | २३७०० | १५८०० | 23700 | 75840 | 12000 | २३७०० | १७४७४० |
| दयानगर सामुदायिक सिकाइ केन्द्र | 1 | 19 | 31 | ५१ | ७६५० | ५१०० | 7650 | 24480 | 12000 | ७६५० | ६४५३० |
| | | | | २८७ | ४३०५० | २८७०० | 43050 | 129150 | 48000 | ४३०५० | ३४३६१० |

**ख. सामुदायिक सिकाइ केन्द्र को कार्ययोजनामा आधारीत अनुदान निकासा- रु १२लाख रुपैया - खर्च रु १२लाख**

वार्षिक साधारण सभा सम्पन्न गरेका, वार्षिक योजना स्वीकृत भै आएका,  लेखापरीक्षण सम्पन्न गरेको, EMIS on line मा सामुदायिक सिकाइ केन्द्रको विवरण अद्यावधिक भएका सामुदायिक सिकाइ केन्द्रहरुले माग फाराम पेश गरेका, स्वीकृत कार्ययोजना वमोजिम भएका  निम्न सामुदायिक सिकाइ केन्दरहरुलाइ अनुदान रकम निकासा  तथा भुक्तानी गरिएको रकम  ।

| | |
|---|---|
| सगरमाथा सामुदायिक सिकाइ केन्द्र | रु ३०००००/- |
| चिल्हिया  सामुदायिक सिकाइ केन्द्र | रु ३०००००/- |
| गौतमवुध्द  सामुदायिक सिकाइ केन्द्र | रु ३०००००/- |
| दयानगर सामुदायिक सिकाइ केन्द्र | रु ३०००००/- |

## ख. धार्मिक विद्यालय अनुदान खर्च रु ९०००००/- खर्च रु ८लाख ४१हजार

| मदरसाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिन | आइडि नम्वर | विद्यालय को नाम | प्रअको नाम | मोवाइल नम्वर | विव्यास अध्यक्षको नाम | मोवाइल नम्वर | सञ्चालित कक्षा | निकासा रकम |
| १ | 490280004 | मदरसा वोहरवा | वेलमाया सुवेदी | ९८४७३०२५७६ | रामचन्द्र कुर्मी | ९८४७३८६०६९ | 1-5 | ३लाख |
| २ | 490180006 | मदरसा प्रसौनी | चन्द्रकला थापा | ९८२१९४१०७७ | जविउल्लाह मुसलमान | ९८६९४४८९३० | 1-5 | ३लाख |
| ३ | 490410005 | मदरसा मैनहीया | सुजीता चौधरी | ९८१७४९७२६४ | नारदमुनी चौधरी | ९८०७५०५५०१ | 1-3 | २लाख ४१ हजार |

शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा वैकल्पिक शिक्षाका कार्यक्रम जम्मा खर्च भएको रकम विवरण

| क्रस | कूल वजेट | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|
| | 265००००/- | सामुदायिक सिकाइ केन्द्र को कार्ययोजनामा आधारीत अनुदान खर्च | १२०००००/- |
| | | ३ मदरसा अनुदान निकासा खर्च | ८४१००००/- |
| | | **लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारीक आजिवन सिकाइ कार्यक्रम सञ्चालनका लागि रु दुइ लाख रुपैया विनियोजन भएको भएकोमा** सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीहरु ,प्र.अ.हरु र जनप्रतिनिधिहरुको लागि अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्यिन अभिमुखकरण र विद्यालय वाहिर रहेका वालवालिकाहरुको घरधुरी सर्वेक्षण अभिमुखिकरण | १६१०७५/-- |
| | | अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयनको लागि रु ३५०,०००/- रु तीन लाख पचास हजार रुपैया विनियोजन भै आएकोमा विद्यालय वाहिर रहेका माथि टेवलमा उल्लेखित संखयाको मातृ विद्यालयमा कक्षा सञ्चालनको लागि खर्च । | ३४३६१०/- |
| | | जम्मा खर्च | २३८४६१०/- |
| | | खर्च प्रतिशत | |

## ४.१३ विशेष शिक्षा कार्यक्रम कार्यान्वयन अवस्था

विशेष शिक्षा स्रोत कक्षा अन्तरगत दृष्टिविहिन कक्षा विरेन्द्र मा.वि .सियारी ५मा सञ्चालनमा रहेको छ। यो आवासिय रुपमा सञ्चालनमा रहेकोछ। यहाँ  दृष्टिविहिन ११ जना  वालवालिकाहरु अध्ययनरत रहेका छन्। आवासिय छात्रवृत्ती वापत रु ५लाख ५०हजार रुपैया निकासा भएको छ भने  सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकवाट   व्यवस्थापन खर्च रु २४०००/-आयाको पारिश्रमिक र पोशाक सहित रु २०५०००/-  र स्रोतशिक्षक प्रोत्साहन रु ६००० गरी  २लाख ३५हजार रुपैयामा  निकासा भएको छ।  अपांगमैत्री नयाँभवनमा पठन पाठन भएको अवस्था छ। आवासिय रुपमा स्रोतकक्षा सञ्चालन रहेको छ भने एकजना आया कार्यरत रहनु भएको छ। प्राथमिक तह दितिय श्रेणीका स्थायी स्रोत शिक्षक श्री लोकनाथ सापकोटले ब्रेललिपिको माध्यमवाट पठनपाठन गरेको र गाउँपालिकाको आन्तरिक स्रोतवाट १जना दृष्टिविहिन शिक्षकलाइ मासिक रु १७०००/ का दरले पारिश्रमिक दिने व्यवस्था मिलाइएको छ।    स्रोत कक्षामा अध्ययनरत वालवालिकाहरुको विवरण यस प्रकार रहेकोछ।



दृष्टिविहीन स्रोत कक्षा श्री वीरेन्द्र मा.वि विद्यार्थी विवरण २०८२ सियारी-५ रुपन्देही

| क्र.स | विद्यार्थीको नाम (इमिस न) | कक्षा | बुवा / आमाको नाम | ठेगाना | जन्ममिति | भर्ना मिति | सम्पर्क न. | फोटो |
|---|---|---|---|---|---|---|---|---|
| 1 | सन्दिप कार्की ४९०१८०००५७५०११०५ | 9 | श्याम ब. कार्की /विष्णु कार्की | बु .ना .प-८ रुपन्देही | 2059-09-16 | 2075-01-25 | ९८४७५३६२२६ | |
| 2 | रन बहादुर वि .क ४९०१८०००५७५०११११ | 8 | बिर बहादुर वि .क /दिलमाया वि.क | गैडाहवा गा.पा.-९ रुपन्देही | 2069-07-28 | 2075-12-10 | ९८०७४३००४१ | |
| 3 | एलिसा थारु ४९०१८०००५७८०१७७९ | 5 | रिखिराम चौधरी /राजकुमारी चौधरी | सैनामैना -१ रुपन्देही | 2070-02-27 | 2076-10-10 | ९७०७५१७५१७ | |
| 4 | सकित घिमिरे ४९०१८०००५७८०१७७८ | 4 | विष्णु घिमिरे/ तुलसा घिमिरे | बु.उप.न.पा.-११ रुपन्देही | 2071-05-26 | 2077-09-24 | ९८५७०२१८०९ | |
| 5 | मिलन सार्की ४९०१८०००५७८०१६०१ | 4 | मिन ब.सार्की /रुपा सार्की | सैनामैना न.पा.-7 रुपन्देही | 2069-02-19 | 2069-06-09 | ९७६६७१०७१० | |
| 6 | करन सुनार ४९०१८०००५७८०१६१९ | 7 | राम सुनार /सुमित्रा सुनार | मालिका गा.पा.-८ गुल्मी | 2065-11-22 | 2069-02-17 | ९७६५५७२२२३ | |
| 7 | कन्हैया प्रसाद पासी ४९०१८०००५८००१९६४ | 7 | लालु पासी /तारिखा पासी | शु.गा.पा -3 कपिलवस्तु | 2064-10-16 | 2080-01-13 | ९७१६२११९०६ | |
| 8 | विपना वि.क ४९०१८०००५८००२००९ | 2 | लोक ब. वि.क /पुनम वि.क | सितगंगा गा.पा -५ अर्घाखाँची | 2072-03-14 | 2069-02-09 | ९७४५४४२११४ | |
| 9 | अजय वरइ ४९०१८०००५८१०००२५ | 1 | बिचारी वरइ /मधुरी वरइ | शु गा.पा -६ रुपन्देही | 2071-11-17 | 2079-11-30 | ९७६८८६१६४४ | |
| 10 | सनोज केवट ४९०४५०००४७७०२२४५ | 4 | अशोक केवट /निर्मला केवट | शु गा.पा -५ रुपन्देही | 2069-06-17 | 2082-05-01 | ९८१०४६५४३३ | |
| 11 | अमन थारु ४९०२८०००३७६००३३६ | 9 | सम्भु थारु /प्रमिला थारु | मायादेवी गा.पा-३ रुपन्देही | 2062-04-13 | 2082-07-16 | ९८२०४२८०६४ | |

स्रोत शिक्षक

प्र .अ

### ४.१४  दिवा खाजा कार्यक्रम कार्यान्वयन

सियारी गाउँपालिकाका २५ सामुदायिक ३ धार्मिक र ११ समुदायमा आधारित वालविकास केन्द्रका वालबालिकालाइ विद्यालय खुलि पठनपाठन भएको दिनको मात्र उपस्थित विद्यार्थी संख्यालाई आधार मानि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको दिवाखाजा कार्यक्रम कार्यान्वयन मापदण्डमा उल्लेख भएको मेनुमा आधारित रहेर  हरेक महिना विद्यार्थीको  हाजिर उपस्थिति विवरण  **Online EMIS** भरि **Online EMIS**मा दिवाखाजाको माग गरेको विवरण **Online EMIS**मा स्वीकृत भैसके पश्चात अनलाइन मागफाराम  संलग्न  गरि  मागको आधारमा निकासा दिने गरिएको । दिवा खाजाको लागि १करोड 83लाख ६५ हजार वजेट  विनियोजित  भै आएकोमा खर्च १करोड ६७ लाख २५ हजार।

दिवा खाजाको मोडालिटी २०८२/२०८३ मा यस प्रकार रहेकोछ । तालिका

| क्र.सं | विद्यालयको नाम | खाजा खुवाउने मोडालिटि | | | खाजा साप्ताहिक के के दिने गरिएको छ | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालयमा पकाएर खुवाउने गरेको | विद्यालयको क्यान्टिनसँग विद्यालयले सम्झौता गरेर खुवाउने गरेको | विद्यार्थी घरबाट खाजा ल्याउने र खाजा बापत रु २० अभिभावकलाइ दिने | आइतवार | सोमवार | मङ्गलवार | बुधवार | विहिवार | शुक्रवार | |
| 1 | छपिया आवि | | √ | | चना जेरी | हलुवा | पुरी सब्जी | च्युरा | पकौडा | समोसा | |
| 2 | त्रिलिङ्ग मावि | | √ | | चना अण्डा | हलुवा | खीर | फलफूल | पकौडा | समोसा | |
| 3 | मैनहिया मावि | | √ | | चना अण्डा | खिर | हलुवा | समोसा मटर | खिचडी | फलफूल | |
| 4 | वीरेन्द्र मावि | | √ | | तरकारी च्युरा | हलुवा | चना भुजा | खीर | चना अण्डा | फलफूल दुध | |
| 5 | जनता मावि | | √ | | जाउलो | चना अण्डा | हलुवा | खीर | समोसा पकौडा | भुजिया चिउरा | |
| 6 | जंगहवा मावि | | √ | | हलुवा | चना भुजा | पुरी सब्जी | खीर | फलफूल | चाउमिन | |
| 7 | गणसरी मावि | √ | | | चना अण्डा | हलुवा | खीर | च्युरा | ममफली को दाना वदाम | रोटी | |
| 8 | पब्लिक मावि | | √ | | चनाअण्डा | समोसा पकौडा | खिचडी | अण्डा भुजा | हलुवा | खीर | |
| 9 | सिद्धेश्वर मावि | | √ | | चना भुजा | अण्डा | खिर | हलुवा | समोसा मटर | खीर | |
| 10 | जनज्योति आवि | √ | | | चना भुजा | हलुवा | खिचडी | खिर | अण्डा – फ | खीर | |
| 11 | जनता आवि | | √ | | हलुवा | चना भुजा | खिर | च्युरा छोले | चाउमिन | अण्डा | |
| 12 | दुर्गादेवी मावि | | √ | | चना चाउमीन | चना अण्डा | समोसा पकोडा | हलुवा | खिचडी | खीर | |
| 13 | वालकल्याण प्रावि | √ | | | चना अण्डा | हलुवा | च्युरा अण्डा | भुजा मटर | समोसा | खीर | |
| 14 | सिद्ध प्रावि | √ | | | ना अण्डा | समोसा | भुजा च | खिर | हलुवा | खीर | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 15 | समयमाइ मावि | √ | | | खीर | खिचडी | चना भुजा | चना अण्डा | सुजीको हलुवा | ब्रहानट समोसा मध्ये कुनै | |
| 16 | रामजानकी प्रावि | | √ | | खीर | खिचडी | चना भुजा | चना अण्डा | सुजीको हलुवा | | |
| 17 | ज्ञानोदय आवि | √ | | | चना | जाउलो | सुजीको हलुवा | खिर | अण्डा | च्युरा भुजा | |
| 18 | कोटेही आवि | √ | | | खीर तरकारी | चना भुजा | तरकारी भुजा | चना अण्डा | चना हलुवा | पकौडा भुजा | |
| 19 | नवदुर्गा प्रावि | √ | | | हलुवा | चना भुजा | खीचडी | हलुवा | चना | अण्डा | |
| 20 | जनज्योती प्रावि | √ | | | हलुवा | चना भुजा | मटर च्युरा | तरकारी च्युरा | च्युरा तरकारी | खिचडी | |
| 21 | मदरसा प्रमेनी | | √ | | हलुवा | | | | | | |
| 22 | मदरसा वोहिवा | | √ | | हलुवा | | | | | | |
| 23 | मदरसा ज्याङ्‌ठा | | √ | | हलुवा | | | | | | |
| 24 | त्रिवणी आवि | | | √ | चना | भुजा | हलुवा | रोटी | भात | पकौडा | |
| 25 | विवेकशील आवि | | √ | | चना अण्डा | चना हलुवा | चना भुजा | चाउमीन | आलु समोसा | फलफुल | |
| 26 | आकाशरेखी प्रावि | √ | | | चना अण्डा | भुजा तरकारी | खीर | हलुवा | खिचडी | | |
| 27 | भागदी प्रावि | √ | | | चना अण्डा | हलुवा | खीर | भुजा तरकारी | सेलरोटी | खिचडी | |
| 28 | सरस्वती आवि | √ | | | हलुवा | चना भुजा | जाउलो | छोले पुडी | हलुवा | चना भुजा | |

## ४.१६ सियारी गाउँपालिकाको आन्तरिक स्रोतवाट वजेट विनियोजन भएका कार्यक्रमहरु

### ४.१६.१ सियारी गाउँपालिकाको १० वर्षे शिक्षा योजना निर्माण गर्ने २०८२

यस सियारी गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम"स्थानीय शिक्षा योजना निर्माण गर्ने भनि मिति २०८२.०९.२४को गाउँसभावाट ६०००००/- लाख रुपैया वजेटको विनियोजन भएको। शिक्षा तथा मानवस्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखाको पत्र संख्या २०८२.८३ च.न. १६८ मिति: २०८२.०७.१०गते केन्द्रवाट जारी भएको " स्थानीय शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ परिमार्जित संस्करण २०८१" को परिधि र ढाँचा भित्र रही योजना तर्जुमा गर्नु पर्ने प्रावधान रहेको। मिति २०८२.१०.१३ को सियारी गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार योजना

निर्माणको तपसिल वमोजिम मूल समिति गठन गरि निर्माणको प्रकृया अगाडी वढाउने निर्णय भै मिति २०८३/०३/ १९को कार्यपालिकाको वैठकको निर्णय वमोजिम स्वीकृत भएको। खर्च रकम रु पाँच लाख रुपैया।

### ४.१६.२ विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप

शिक्षाको वास्तविक उद्देश्य प्रमाणपत्र पाउनु मात्र होइन, एउटा असल र सक्षम नागरिक बन्नु हो। त्यसैले आधुनिक शिक्षा प्रणालीमा अतिरिक्त क्रियाकलापलाई पनि पढाइकै एउटा अभिन्न अंग' मानिन्छ। नियमित पाठ्यक्रम र किताबी पढाई भन्दा बाहिर गरिने रचनात्मक, शारीरिक र मानसिक विभिन्न गतिविधिहरू तथा क्रियाकलापहरुको कार्यको लागि योजना पुस्तिकाको पाना नं. ५७ सि.नं.८९ मा **विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप शिर्षकमा रु २०००००/-** दुई लाख रुपैया वजेट विनियोजन भएको । विद्यालयको १९ इन्च डेस्टव खरिद गरेको, कम्प्यूटर मरमत गरेको, प्रारम्भिक कक्षा -वालविकास केन्द्र -३) को वसाई व्यवस्थापनको लागि कुशन , मिनि स्पिकर, टिचर माइक आदिमा भएको खर्च तपसिल अनुसारका विद्यालयहरु र स्टेशनरी पसललाई भुक्तानीको लागि विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप शिर्षकवाट रु ८५३८०/- पचासी हजार तीन सय असी रुपैया खर्च भए हुदाँ विद्यालयहरुमा निकासाको लागि मिति २०८३/०३/१९ को कार्यपालिकाको निर्णय वमोजिम भुक्तानी भएको रकम यस प्रकार रहेको छ। **तपसिल**

| क्र.स. | भुक्तानी पाउने विद्यालय र संस्थाको नाम | पान नम्वर | भुक्तानी रकम | १.५प्रतिशत कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज्ञानोदय आ.वि. सियारी ३ | 201590030 | 30475/- | 457 /- | |
| २ | त्रिवेणी आ.वि. सियारी ७ | 201438374 | 45825/- | 687/- | |
| ३ | प्रदिप स्टेशनरी एण्ड जनरल स्टोर्स | 303783372 | 9080/- | 136/- | |
| ४ | जम्मा | | 85380/- | 1280/- | |

**युवा तथा खेलकुदका कार्यक्रमहरु**

### ४.१३ .३ *अध्यक्ष कप प्रथम रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता* -२०८२ कार्यक्रम

सियारी गाँउपालिका भित्र विभिन्न किसिमका खेलकुद प्रतियोगिताको आयोजना गरेर युवाहरुको खेल प्रतिभाको खोजि गर्दै त्यसको उजागर र विकास गर्दै स्थानिय प्रदेश हुदै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्ने र युवाहरुलाइ मोवाइलका अनाबश्यक गेमहरु तथा इन्टरनेटको गलत प्रयोग र लतबाट जोगाउदै उनिहरुको शारिरिक मानसिक सामाजिक संवेगात्मक पक्षहरुको सर्वाङगिण विकास गर्ने मुख्य अभिप्रायका साथ *अध्यक्ष कप प्रथम रनिङ्ग शिल्ड फुटवल प्रतियोगिता* -२०८२गरिएको थियो। सियारी खेलकुद विकास समितिको मिति मिति २०८२/०७/२२ देखि २०८२/०७/२४ गते सम्म सञ्चालित अध्यक्षकप फूटवल प्रतियोगिताको समीक्षा समेत गरिएको थियो। कूल वजेट रु १०लाख खर्च करीव ७ लाख रुपैया।

### ४.१६ .४ १६औं राष्ट्रपनि रनिङ्ग शिल्ड प्रतियोगिता

विद्यार्थीहरुमा रहेको बहु प्रतिभाको खोजि गर्नु र प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्नु ,शैक्षिक गतिविधिमा विद्यालयहरुलाइ सक्रिय वनाइ वालवालिकाहरुको प्रतिभा प्रस्फुटनमा थप सहयोग गर्ने ,अन्तर विद्यालय,शिक्षक र

वालवालिकाहरुवीच स्वस्थ्य शैक्षिक प्रतिस्पर्धाको वातावरण विकास गर्ने , जिल्ला, प्रदेश तहका प्रतियोगिताहरुमा सियारीको प्रतिस्पर्धा उत्कृष्ट प्रस्तुती गर्ने आदि उद्देश्य राखि *राष्ट्रपनि रनिङ्ग शिल्ड प्रतियोगिता* -२०८२ आयोजना गर्ने गरि मिति २०८२/१०/२९गते पालिकास्तरीय खेलकुद कार्यक्रम सञ्चालन तथा अन्तर पालिका खेलकुद कार्यक्रममा सहभागीता शीर्षकवाट रु दुइ लाख रुपैया खर्च गर्ने प्रस्तावना स्वीकृत गरिएकोमा यसरी कार्यक्रम सञ्चालन हुदाँ रु **165००० /-** एक लाख पैसठ्ठी हजार रुपैया खर्च भएको।

विद्यार्थीहरुमा रहेको बहु प्रतिभाको खोजि गर्नु र प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्नु ,शैक्षिक गतिविधिमा विद्यालयहरुलाई सक्रिय वनाइ वालवालिकाहरुको प्रतिभा प्रस्फुटनमा थप सहयोग गर्ने ,अन्तर विद्यालय,शिक्षक र वालवालिकाहरुवीच स्वस्थ्य शैक्षिक प्रतिस्पर्धाको वातावरण विकास गर्ने, जिल्ला, प्रदेश तहका प्रतियोगिताहरुमा सियारी गाउँपालिकाको तर्फवाट प्रदेश स्तरीय १६औं राष्ट्रपनि रनिङ्ग शिल्ड प्रतियोगिता ६जना खेलाडीहरु यस कार्यालयको च.न. २६६९ मिति २०८३/०१/३१को पत्रवाट सहभागी हुन पठाइएको। खेलाडीहरुको विवरण यस प्रकार रहेको छ।

| *क्रस* | *इभेन्टस* | *खेलाडीको नाम* | *अध्ययनर विद्यालयको नाम* | *कैफियत* |
|---|---|---|---|---|
| १ | १५००मिटर दौंड | सचिन कुर्मी | मैनहिया मावि सियारी २ | |
| २ | ८०० मीटर | सचिन कुर्मी | मैनहिया मावि सियारी २ | |
| ३ | ४००मिटर दौड | आशिष यादव | मैनहिया मावि सियारी २ | |
| ४ | कवड्डी छात्र | रोहित कहार | मैनहिया मावि सियारी २ | |
| ५ | कवड्डी छात्र | रामकेश केवट | समयमाइ मावि सियारी ७ | |
| ६ | कवड्डी छात्रा | दिपिका थारु | जनता मावि अमवा सियारी ७ | |
| ७ | ४*४०० रिले | मनोज केवट | मैनहिया मावि सियारी २ | |

उक्त प्रतियोगितामा प्रदेश तहमा सहभागी मध्ये ३०००मीटर दौडमा मनोज केवट- तृतीय , छात्रा कवड्डी दिपिका थारु -तृतीय ,कवड्डी छात्रमा रामकेश केवट- प्रथम , १५००मीटर दौडमा रोहित कोहार - दितिय, कवड्डीमा रोहित कहार –प्रथम स्थान हासिल गरेका थिए। त्यस्तै राष्ट्रिय स्तरमा रोहित कहार कवड्डी प्रतियोगितामा –प्रथम र ८००मीटर दौडमा सचिन कुर्मी तृतिय स्थान हासिल गर्न सफल भएको थिए। प्रदेशस्तरमा स्थान हासिल गर्नेलाइ १५ हजार र राष्ट्रियस्तरमा स्थान हासिल गर्ने खेलाडीलाई रु २५ हजार नगद दोसल्ला र प्रमाण पत्रले सम्मान गरियो।

| क्र स | पुरस्कारका क्षेत्रहरु | विद्यार्थीको नाम थर | पुरस्कार रकम | करकट्टी २५ प्रतिशत | खुद वुझेको रकम |
|---|---|---|---|---|---|
| १ | केन्द्र स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा ८०० मि. दौड तर्फ तृतिय स्थानप्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा ८०० मि दौड तर्फ प्रथम स्थान१५०० मि दौड तर्फ द्बितिय | सचिन कुर्मी | ५३३३३ | १३३३३ | ४०००० |
| 2 | केन्द्र स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कबड्डी तर्फ प्रथम स्थानप्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कबड्डी तर्फ प्रथम स्थान | रोहित काहार | ५३३३३ | १३३३३ | ४०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कबड्डी तर्फ प्रथम स्थान | रामकेश केवट | २०००० | ५००० | १५००० |
| 4 | प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा३००० मि दौड तर्फ तृतिय स्थान | मनोज केवट | २०००० | ५००० | १५००० |
| 5 | प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा कबड्डी तर्फ तृतिय स्थान | दिपिका थारु/स्नेहा थारु | २०००० | ५००० | १५००० |
| | | जम्मा | १६६६६६ | ४१६६६ | १२५००० |

**अन्य खेलकुदका कार्यक्रमहरुमा**

- अन्तराष्ट्रिय कराँते किक बक्सिङ्ग प्रतियोगिता वाँकेमा सहभागीता
- "व्याडमिन्टन प्रतियोगिता" न्यू मिलन युवा क्लव, सियारी१-, ले सञ्चालन गरेको।
- भलिवल प्रतियोगितावाट श्री शिव ज्योती सामाजिक केन्द्र सियारी ४ शिवपुरले सञ्चालन गरेको।
- वडाअध्यक्ष कप क्रिकेट तथा भलिवल प्रतियोगिता ४नम्वर वडा कार्यालयले सञ्चालन गरेको ।
- तमु ह्युल छोंज धी गुरुंङ राष्ट्रिय परिषदद्वारा आयोजित खुल्ला महिलाकवड्डी खेलाडीहरु वुटवलमा सहभागी ।

**४.१६ .५ बिद्यार्थीसँग उपाध्यक्ष कार्यक्रमक**

सियारी गाउँपालिका कार्यालयको चालु आ.ब.२०८२।०८३ बजेट उपशिर्षक सियारी गाउँ कार्यपालिका अन्तरगत विद्यार्थीसँग उपाध्यक्ष कार्यक्रम गर्ने गरी योजना पुस्तिका खर्च शिर्षक २२५२२ पाना नं. ६७ सि.न. २७४ मा बिद्यार्थीसँग उपाध्यक्ष कार्यक्रमको लागि रु२०००००/- दुइ लाख रुपैया विनियोजन भएको । कार्यक्रम स्वीकृत गरि सम्झौता र कार्यादेश वमोजिम निम्न चार सामुदायिक विद्यालयहरुमा कार्यक्रम सञ्चालन भएकोमा रु १लाख ९० हजार रुपैया खर्च भएको छ।

| | |
|---|---|
| जंगहत्था मावि सियारी ३ हनैया | २०८३/०३/१२ |
| मैनहिया मावि सियारी २ मैनहिया | २०८३/०३/१३ |
| दुर्गादेवी मावि सियारी ६ वर्दहवा | २०८३/०३/१४ |
| कोटही आधारभुत विद्यालय सियारी २ च्यांगठा | २०८३/०३/१५ |

**४.१६.६ माध्यमिक शिक्षा परीक्षा SEE २०८२ मा उत्कृष्टलाई सम्मान**

माध्यमिक शिक्षा परीक्षा SEE २०८२ मा उत्कृष्ट स्थान हासिल गर्ने तपसिलका छात्र छात्राहरुलाई मिति २०८३/०३/०८ गते सियारी गाउँपालिकाको १९ औ गाउँ सभाको अवसरमा नगद पुरस्कार र४४हजार रुपैया प्रमाण पत्र र दोसल्लाले सम्मान गरियो।

| क्र स | पुरस्कारका क्षेत्रहरु | विद्यालयको नाम ठेगाना | विद्यार्थीको नाम थर | प्राप्ताङ्क/जीपिए | पुरस्कार रकम | करकट्टी २५ प्रतिशत | खुद वुझेको रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | SEE 2082 सामुदायिक तर्फ प्रथम छात्रा | दुर्गादेवी मावि | बर्षा ढुङ्गाना | ३.८६ | ७००० | १७५० | ५२५० |
| २ | SEE 2082 सामुदायिक तर्फ प्रथम छा | पब्लिक मावि | मन्जिल अधिकारी | ३.९१ | ७००० | १७५० | ५२५० |
| ३ | SEE 2082 सियारी गापामा सर्वोत्कृष्ट तथा संस्थागत तर्फ प्रथम छात्रा | संस्कार सेकेण्डरी इवो | इशा पौडेल | ४.०० | १५००० | ३७५० | ११२५० |
| ४ | SEE 2082 सियारी गापामा सर्वोत्कृष्ट तथा संस्थागत तर्फ प्रथम छा | संस्कार सेकेण्डरी इवो | रविरत्न गौडेल | ४.०० | १५००० | ३७५० | ११२५० |
| | जम्मा | | | | ४४००० | ११००० | ३३००० |

## परिच्छेद पाँच: असल अभ्यास प्रमुख उपलब्धि ,चुनौती तथा समाधानका उपायहरू

### ५.१ अन्य संस्था सँगको साझेदारीमा सञ्चालित कार्यक्रम

### ५.२. असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

5.2.1 स्थानीय विषयवस्तु, संस्कृति, इतिहास, कृषि, पर्यटन तथा सामाजिक परिवेशलाई समेटेर कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तयारी तथा कार्यान्वयन गरिएको छ।

5.2.2 स्थानीय सरकार सञ्चालन ऐन तथा शिक्षा सम्बन्धी प्रचलित कानुनको मर्मअनुसार स्थानीय तहको दोस्रो पटक शिक्षा योजना निर्माण भएको छ यस योजनाले आगामी वर्षहरूमा शिक्षाको दीर्घकालीन विकासका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गरी शिक्षामा पहुचँ समता गुणस्तर र सक्षमताको सुनिश्चितता प्रदान गर्ने अपेक्षाछ ।

5.2.3 शिक्षक तालिम तथा पेशागत विकासका कार्यक्रमहरू शिक्षकको ज्ञान, सीप, क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न तथा विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न शिक्षकहरुको लागि पेशागत सहयोग , एकिकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम, पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रवोधिकरण तालिम, विद्यालयमा जिन्सी तथा लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको छ ।

